मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

वैभव शनिबार ४ पृष्ठको वैभव

- शंखर पहाडी(गौरब) - जनप्रतिनिधिका कारण अभिसाप बन्दै संघीयता
- डा. आरसी लामिछाने- सकारात्मक सञ्चार र नेतृत्व विकासका लागि प्रशंसनीय खोज तालिम
- ऋषिकेश यादव - युट्युबर बन्न चाहनुहुन्छ ? यसो गर्नुस् !
- मर्यादित महिनावारीमैत्री देश चिनाउने अवसर

वर्ष ३ ● अंक ३५ ● २०८१ साल मंसिर २९ गते शनिबार ● Saturday 14, December 2024 ● सूर्योदय: बिहान ६:४६ बजे ● सूर्यास्त: साँझ ५:१४ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

# प्रधानमन्त्रीको भारत जाने तयारी



**मधेशदृष्टि**
**वीरगंज ।**
२०७२ को भूकम्पकालदेखि नै सुधार हुन नसकेको प्रधानमन्त्री केपी शर्मा ओलीको भारतसँगको सम्बन्ध सुधारमा उनी अनेक ढंगले क्रियाशील छन् । एकदशकमा सत्तामा पटकपटक पुग्दासमेत भारतले उनलाई सुधारात्मक हिसाबको व्यवहार नगरेपछि अहिले भारत भ्रमण गरेरै सम्बन्ध सुधारको प्रयासमा छन् । भ्रमणको आन्तरिक तयारीका लागि प्रधानमन्त्रीले परराष्ट्रमन्त्री डा.आरजु राणा (देउवा)लाई पुस ३ गते दिल्ली पठाउने भएका छन् । युरोप भ्रमणमा रहेकी मन्त्री राणा त्यतैबाट दिल्ली पुग्ने कार्यक्रम तय भएको परराष्ट्र मन्त्रालय स्रोतको दाबी छ । पुस ५ गते दिल्लीमा इन्डो–नेपाल इकोनोमिक कन्फरेन्स तय भएको छ । कन्फरेन्समा सहभागी हुन राणा दिल्ली पुग्दा भारतीय विदेशमन्त्री एस.जयशंकरलगायतसँग उच्चस्तरीय भेटघाट गरेर प्रधानमन्त्रीको भारत भ्रमणको मिति जुटाउन छलफल हुने बताइएको छ । भेटमा प्रधानमन्त्री ओलीको भारत भ्रमणको विषयमा आवश्यक छलफल गर्ने बताइए पनि सहजै भारत प्रधानमन्त्री ओलीलाई बोलाइहाल्ने मनस्थितिमा देखिन्न ।

हालै चीन भ्रमण गरेर बिआरआइको फ्रेमवर्कमा सहमति भएपछि दक्षिण र पश्चिमा शक्तिहरु प्रधानमन्त्रीसँग खुशी छैनन् । यस्तो अवस्थामा फेरि पनि भारतले बोलाए प्रधानमन्त्री पुसको तेस्रो या चौथो साता भारत जान तयार भएका छन् । यतिखेर चैँ नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव पनि भारत पुगेका छन् ।

# सीतामढी स्थापनामा झाको प्रस्तुती



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
कला, संस्कृति तथा युवा विभाग, बिहार सरकार र सीतामढी जिल्ला प्रशासनको संयुक्त आयोजनामा आयोजित सीतामढीको ५३ औँ स्थापना दिवस मनाइएको छ । दुईदिने दिवस समारोहमा सीतामढीकी छोरी मोनी झा दिल्लीबाट आएर स्वरचित सीतामढ़ी वर्णन गीत 'सीता मैयासंग पडै सीतामढ़ी के नाम यो, एही ठाम पुनौरा धाम यो ना' राम भजन 'आऊ र लैजाउ' र 'रामजी अवध नगरी' गाएर दर्शकलाई मोहित पारेकी छिन् ।
कार्यक्रम समापनमा जिल्ला अधिकारी रिची पाण्डे र प्रहरी उपरीक्षक मनोज कुमार तिवारीले झालाई सम्मान गरेका थिए ।
यसअघि जिल्ला अधिकारीले 'पृथ्वी सुनहरा है, आकाश नीला हैं, सभी ऋतु रङ्गीन है, यही मेरा देश है, 'सन्देशा आते है, हमे तड़पाते हैं, गीत गाएर दर्शकलाई मन्त्रमुग्ध बनाएका थिए । उनलाई पनि सम्मान गरिएको थियो ।

# प्रभु साहको आक्रामक अभियान




**मधेशदृष्टि**
**वीरगंज ।**
रौतहटको मौलापुर नगरपालिकामा उल्लेख्य विकास गरेका स्थानीय नेता, पूर्वमन्त्री र स्वतन्त्र सांसद जितेर पार्टी स्थापना गरेका आम जनता पार्टीका अध्यक्ष प्रभु साह पछिल्लो समय बलियो प्रतिपक्षीका रुपमा स्थापित हुँदै गएका छन् । हरेक दिन जसो जनसरोकारका विषयमा उनको सन्देश, सम्बोधन त आइरहेकै छ, मिडियामा छाइरहेकै छ । यस्तै उनको पार्टी, जनसंगठन पनि लगातार विस्तार भइरहेको छ । यसले मधेशमा मात्र नभइ देशमै प्रभु साहको पार्टीप्रति आकर्षण पनि बढेको देखिएको छ ।
शुक्रबार पनि आम जनता पार्टी (आजपा) अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले सरकारले जनतामाथि करको आतंक सिर्जना गरिरहेको भन्दै आतंक अन्त्य नगरिए कडा प्रतिरोध गर्ने चेतावनी दिएर चर्चा बटुलेका छन् ।
जनतामाथि करमाथि कर थोपर्ने सरकारको प्रवृत्तिमा नै लुटको मानसिकता हाबी भएको दाबीसहित उनले वीरगंजमा सरकारको मनपरी कर तथा भन्सार लुट रोक्न आयोजित आइटी आर्मीको विशेष भेलालाई सम्बोधन गरे । साहले मनोमानी करको आतंक तत्काल नरोकिए जनस्तरबाटै प्रतिरोध शुरु हुने चेतावनी दिएका छन् ।
उनले कमिसन खान प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले सीमावती क्षेत्रका जनताको निजी सम्पत्ति लुटिरहेको आरोप लगाए । सरकारले सीमावर्ती नागरिकलाई भन्सार छलीका नाममा दुःख दिनुका साथै निजी सम्पत्ति लुट्ने गरेको उनको आरोप छ । आजपाले कर आतंकविरुद्ध शुरुदेखि नै संघर्ष थालेको स्मरण गराउँदै यो आतंक नरोकिएसम्म संघर्ष पनि नरोकिने उनको उद्घोष थियो ।




**सरकारकै कारण**
सीमावर्ती क्षेत्रका नागरिकले सास्ती खेप्नुपरेको साहको टिप्पणी छ । 'नेपालको सीमा क्षेत्रमा बसोबास गर्ने नेपालीले भारतबाट घरेलु प्रयोगका लागि केही समान ल्याउँदा उनीहरुको निजी सम्पत्ति नै लुटने, जफत गर्ने र कब्जा गर्ने काम प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारले गरिरहेको छ,' साहले भने, 'सीमावर्ती क्षेत्रमा भन्सार नखोल्ने, भएको भन्सार कार्यालयको स्तरोन्नति नगर्ने वर्तमान सरकारले केबल सीमावर्ती क्षेत्रका नागरिकलाई दुःख मात्रै दिइरहेको छ । सीमावर्ती क्षेत्रका नागरिकलाई भन्सार कार्यालय दिनुपर्यो । उनीहरु कुनै समान ल्याइरहेका छन् भने उनीहरुबाट भन्सार लिनु, नकि उनीहरुको निजी सम्पत्ति नै जफत गर्ने अधिकार यो सरकारलाई छैन ।'
कमिसनको लोभमा निजी सम्पत्ति लुट्ने गरिएको बताउँदै उनले त्यसको हिस्सा तलदेखि माथिसम्मकाले बाँडेर खाने गरेको आरोप लगाए । सीमावर्ती क्षेत्रका नागरिकको निजी सम्पत्ति लुटेर भन्सारको कानूनमा ४५ प्रतिशत कमिशन खाने व्यवस्था अन्त्य हुनुपर्ने बताउँदै उनले यसका विरुद्धमा कडा आन्दोलनको आवश्यकता भएको बताए ।
'भन्सारको कानूनमा यिनीहरुले लुटिएको सम्पत्ति ४५ प्रतिशत कमिसन खाने भनेर राखेका छन् । तल पक्रिने प्रहरीदेखि, सुराकीका नाममा समेत कमिसन बाँडिन्छ । तल मात्र होइन, यसको कमिसन मन्त्री, प्रधानमन्त्रीसम्म पुग्ने गरेको छ । त्यसैले उनीहरुले यो व्यवस्था हटाउन चाहँदैन,' साहले भने, 'यिनीहरुको ध्यान केबल सीमावर्ती क्षेत्रका नागरिकलाई दुःख दिने, निजी सम्पत्ति कब्जा गर्ने र मिलेर खाने मात्रै रहेको छ । के काठमाडौमा बस्नेले वा उद्योगीले कर नतिर्दा उनीहरुको सम्पत्ति कब्जा हुन्छ ? त्यहाँ नहुने तर सीमावर्ती क्षेत्रका नागरिकलाई दुःख दिन यो सरकारले सम्पत्ति कब्जा समेत गर्ने गरेको छ ।'
वीरगंजको लायन्स क्लबको हलमा आयोजित कार्यक्रमको अध्यक्षता आर्या पाण्डेले गरेकी थिइन् । आजपा वरिष्ठ उपाध्यक्ष उपेन्द्र साह, अशोक लामा, प्रदेश अध्यक्ष उमेश कुशवाह, सचिव बाबुराम कौशिक, रञ्जु साह, विजय यादवलगायतका नेता उपस्थित थिए ।




**भन्सार कार्यालय घेराउ**

प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा) भन्सार नियमावलीमा रहेको ४५ प्रतिशत पुरस्कार व्यवस्था खारेजीको माग गर्दै शुक्रबार पर्साको वीरगंजस्थित भन्सार विभाग घेराउ गरेको छ । घेराउअघि वीरगंजमा भन्सारको लुटआतंक विरुद्ध खबरदारी ¥याली गरेका थिए ।
विरोध कार्यक्रममा बोल्दै पार्टीका वरिष्ठ उपाअध्यक्ष उपेन्द्र साहले भन्सार नियमावलीमा रहेको ४५ प्रतिशत पुरस्कारको व्यवस्था खारेजीको माग पुरा गर्नका निम्ति बाध्य बनाएर छोड्ने बताए । उनले तीन दिनमा सरकारले माग पूरा गर्न सकेन भने जिल्लाका भन्सार कार्यालय घेराउ गर्ने र आफूहरूको आन्दोलन जारी राख्ने चेतावनी दिए ।
आम सम्पर्क मञ्च संयोजक रञ्जुकुमारी साहले राज्यले नियमकानून बनाएर आफैँले पालना नगरेकाले भन्सार नियमावलीमा रहेको ४५ प्रतिशत पुरस्कारको व्यवस्था खारेजी गर्नुपर्ने मागसहित आफूहरू आन्दोलनमा उत्रिएको बताए । उनले भने, 'राज्यले नियम कानून बनाएर भन्सारमा जुन आम नागरिकले ४५ प्रतिशत छुट पाउने भनेको छ, त्यो कर्मचारीले पाइरहेका छन् । जनताले पाएका छैनन् । भन्सार छली नियन्त्रण गर्नुपर्छ सरकारले ।'
भन्सार नियमावलीको परिच्छेद १० को दफा ४७, ४८, र ४९ मा गरिएको व्यवस्थाअनुसार कुनै चोरी निकासी वा पैठारीको माल समान पक्राउ गरी भन्सार कार्यालयमा बुझाउनेलाई ३० प्रतिशत र त्यसको सुराक दिनेलाई १५ प्रतिशत गरी कुल रकमको ४५ प्रतिशत रकम पुरस्कारस्वरूप व्यक्तिलाई दिने व्यवस्था छ । अर्थात् भन्सार छलीको माल सामानबाट प्राप्त रकमको झन्डै आधा (४५ प्रतिशत) पैसा व्यक्तिको निजी हुने व्यवस्था छ ।

**गुप्ताको नेतृत्वमा आइटी आर्मी**
पूर्वमन्त्री प्रभु साह नेतृत्वको आमजनता पार्टी (आजपा) निकट आइटी आर्मीको विशेष भेला वीरगंजमा भएको छ ।
काठमाडौ उपत्यका इन्चार्ज आर्या पाण्डेको अध्यक्षतामा भएको भेलाले आइटी आर्मीको पर्सा जिल्ला इन्चार्जमा दीपेन्द्र जयसवाल, अध्यक्षमा कृष्णा गुप्ता, उपाध्यक्षमा राहुल कुमार साह, रोशन मिश्रा, धुरेन्द्र कुशवाहा, सचिवमा आयुष चौधरी, सहसचिव रोशन साह, आर्यन सिंह, कोषाध्यक्षमा कोमल साहलगायत १०६ जनाको जिल्ला कमिटी विस्तार गरेको छ ।

# दुई खर्ब पाँच अर्ब ८३ करोड बचत

**मधेशदृष्टि**
**काठमाडौ ।**
पछिल्लो समय मुलुकबाट बाहिरिनेभन्दा भित्रने रकममा उल्लेख्य वृद्धि भएको पाइएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विवरणमा चालु आर्थिक वर्षको पहिलो चार महिनामा शोधनान्तर स्थिति दुई खर्ब पाँच अर्ब ८३ करोड रुपैयाँले बचत भएको छ । अघिल्लो वर्ष यही अवधिमा एक खर्ब ५० अर्ब २४ करोड रुपैयाँ मात्र बचत थियो ।
यस्तै, चालु खातामा एक खर्ब ४३ अर्ब ४२ करोड रुपैयाँ बचतमा छ । खुद पुँजीगत ट्रान्सफर दुई अर्ब ४७ करोड रुपैयाँ छ । पाँच अर्ब ७६ करोड रुपैयाँ प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ । चार महिनामा कुल वस्तु निर्यात चार दशमलव दुई प्रतिशत वृद्धि हुँदा ५२ अर्ब ६७ करोड रुपैयाँ पुगेको छ । भारततर्फ निर्यातमा आठ दशमलव चार प्रतिशत वृद्धि भएको छ र चीन तथा अन्य मुलुकमा भएको निर्यातमा क्रमशः १८ दशमलव तीन प्रतिशत र तीन प्रतिशतले कमी आएको छ । कुल वस्तु आयात शून्य दशमलव दुई प्रतिशतले वृद्धि भई पाँच खर्ब १३ अर्ब ३९ करोड रुपैयाँ पुगेको छ । वस्तु आयात गरिने मुलुकका आधारमा भारत र चीनबाट भएको आयात क्रमशः शून्य दशमलव नौ प्रतिशत र दुई दशमलव नौ प्रतिशतले वृद्धि भएको छभने अन्य मुलुकबाट भएको आयातमा पाँच प्रतिशतले कमी आएको छ ।
निर्याततर्फ भैरहवा, विराटनगर, वीरगंज, सुक्खा बन्दरगाह, कैलाली, कृष्णनगर, मेची, नेपालगञ्ज र रसुवा भन्सार कार्यालयबाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात घटेको छ । आयाततर्फ भैरहवा, सुक्खा बन्दरगाह, जलेश्वर, कैलाली, कन्चनपुर, रसुवा र तातोपानी भन्सार कार्यालयबाहेकका सम्पूर्ण प्रमुख नाकाबाट भएको आयातमा कमी आएको छ ।
कुल वस्तु व्यापार घाटामा शून्य दशमलव तीन प्रतिशतले कमी आई चार खर्ब ६० अर्ब ७२ करोड रुपैयाँ भएको छ । अघिल्लो वर्षको सोही अवधिमा

*बाँकी पृष्ठ ३ मा*

# जसपा नेपालक तीन टा नगर समिति पुनर्गठन




**काठमाण्डू ।**
जनता समाजवादी पार्टी, (जसपा) नेपालक तीन टा नगरसमिति पुनर्गठन कएल गेल अइछ। ललितपुर महानगरपालिकाt, महोत्तरीक बर्दिबास नगरपालिका आ नुवाकोटक बेलकोटगढी नगरपालिकाक नगरसमिति पुनर्गठन कएल गेल उक्त पार्टीक केन्द्रीय प्रचारप्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेत रासससकेँ जानकारी देलैन ।

ओ कहलैन, 'सुरेश डङ्गोलके अध्यक्षतामे १५ सदस्यीय ललितपुर महानगर समिति, गोविन्द यादवके अध्यक्षतामे १३ सदस्यीय बर्दिबास नगरसमिति तथा स्वस्तिका राईके अध्यक्षतामे ११ सदस्यीय बेलकोटगढी नगरसमिति गठन भेल अइछ ।'

तहिना जसपा नेपाल पार्टीक केन्द्रीय नेताकेँ सङ्गठन निर्माण अभियानमे खटल आ प्रत्येक केन्द्रीय नेताकेँ पालिका समिति गठन, पुनःगठनके जिम्मेवारी निर्धारण कएल गेल बस्नेत बतौलैन ।

# पाँच खर्ब २१ अरब ६३ करोड़ विप्रेषण आएल

**काठमाण्डू ।**
चालु आर्थिक वर्षक पहिल चाइर महिनामे पाँच खर्ब २१ अरब ६३ करोड़ टका बराबरके विप्रेषण देशमे आएल अइछ । नेपाल राष्ट्र बैंकद्वारा वृहस्पैतदिन सार्वजनिक कएल गेल विवरणअनुसार, समीक्षा अवधिमे विप्रेषण आप्रवाहमे नओ दशमलव एक प्रतिशत वृद्धि भेल अइछ ।

पछिला वर्षक सएह अवधिमे विप्रेषण आप्रवाह २२ दशमलव पाँच प्रतिशत बढ़ल छल । अमेरिकी डलरमे विप्रेषण आप्रवाह तीन अरब ८७ करोड़ पहुँचल अइछ । पछिला वर्ष आप्रवाह तीन अरब ६० करोड़ रहल छल । समीक्षा अवधिमे खुद द्वितीय आय (खुद ट्रान्सफर) पाँच खर्ब ६८ अरब २६ करोड़ टका पहुँचल छल । पछिला वर्ष उक्त अवधिमे आय पाँच खर्ब २१ अरब ४३ करोड़ टका भेल छल ।

समीक्षा अवधिमे वैदेशिक रोजगारीक लेल अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत नयाँ) लेनिहार नेपालीक संख्या एक लाख ४७ हजार चाइर सओ ७८ आ पुनः श्रम स्वीकृति लेनिहारक सङ्ख्या ९४ हजार एक सओ पाँच अइछ ।

वितल साल सएह अवधिमे ई संख्या क्रमशः एक लाख ३७ हजार चाइर सओ ७५ आ ६८ हजार आठ सओ ४१ छल ।


## निक्षेप तथा कर्जाको व्याज दर

पौष १, २०८१ देखि लागु

| खाताका प्रकारहरु | न्युनतम मौज्दात | वार्षिक ब्याज दर |
|---|---|---|
| कर्पोरेट सेभिङ खाता | रु.१,००० /- | ३.४०% |
| कर्पोरेट प्याट्रोन | रु.१,००,०००/- | ४.६०% |
| कर्पोरेट हाईयर सेभिङ | रु.१०,०००/- | ४.२५% |
| कर्पोरेट सिनियर सेभिङ | रु.१,००० /- | ४.००% |
| कर्पोरेट नारी बचत | रु.१,००० /- | ४.००% |
| कर्पोरेट स्टुडेन्ट स्कलर | रु.५०० /- | ४.००% |
| कर्पोरेट फास्ट ट्र्याक | रु.५०,०००/- | ४.५०% |
| कर्पोरेट बाल बचत | रु.१,००० /- | ४.००% |
| कर्पोरेट सुपर सेभिङ | रु.१,००,०००/- | ५.००% |
| कर्पोरेट गोल्डेन सेभिङ | रु.२,००,०००/- | ५.४०% |
| ३ वर्षे रेकरिङ खाता | रु.१,००० /- | ६.००% |
| ५ वर्षे रेकरिङ खाता | रु.१,००० /- | ६.२५% |
| ५ वर्षभन्दा माथिको रेकरिङ खाता (फिक्स्ड समेत) | रु.१,००,००० /- | ६.५०% |
| कर्पोरेट फिक्स्ड रिटर्न | रु.१,००,०००/- | ७.००% |
| कर्पोरेट फिफ्टी फिक्स्ड | रु.१,००,०००/- | ६.००% |
| कर्पोरेट प्रोभिडेन्ड फन्ड | रु.१,००० /- | ६.२५% |

### फिक्स्ड डिपोजिट

| फिक्स्ड डिपोजिटका प्रकार | न्युनतम मौज्दात | वार्षिक ब्याज दर | |
|---|---|---|---|
| | | व्यक्तिगत घटीमा ३ महिना | संस्थागत घटीमा ६ महिना |
| कर्पोरेट जेनरल फिक्स्ड डिपोजिट | १०,००० | ६.२५ % | ५.२५ % |
| कर्पोरेट फिक्स्ड डिपोजिट | २५,००० | ६.५० % | ५.५० % |
| कर्पोरेट सुपर फिक्स्ड डिपोजिट ५ बर्षभन्दा माथि | १,००,००० | ६.५० % | ५.५० % |
| फिक्स्ड डिपोजिट ३-२४ महिना | १००,००० | ७.००% | ६.००% |
| प्रिमियम फिक्स्ड डिपोजिट ६-२४महिना | १०,००,००० | ७.२५% | ६.२५% |
| स्पेशल फिक्स्ड डिपोजिट १० महिना | १०,००,००० | ७.७५% | ६.७५% |

**नयाँ/सकृय वर्गको कर्जा तर्फ :**
कृषि कर्जाको ब्याज दर बेस रेटमा + २.००%
प्राईम कर्जाको ब्याज दर बेस रेटमा +२.२५% देखि ४.२५%सम्म।
अन्य कर्जाको ब्याज दर बेस रेटमा + ३.००% देखि ५.००%सम्म ।
मुद्दति निक्षेपमा कर्जाको ब्याज दर कुपन/बेस रेटमा +२.००%(जुन बढी छ)।
**फिक्स्ड ब्याज दर (घर/हायपर्चेज/ब्यक्तिगत वा टर्म कर्जा )**
१५ वर्षसम्मको आवधिक कर्जामा बेस रेटमा + ४.५०% सम्म ।
**बेस रेट ९.७४% (तीन महिनाको औसत)**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend

प्रधान कार्यालय : गीता मंदिर रोड, बिरगंज
फोन नं ०५१– ५३१०३१
शाखा कार्यालय, बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर) ।


# महासंघ रौतहटमा कार्की र बारामा सुवेदी विजयी

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल पत्रकार महासंघ रौतहटको अध्यक्षमा सञ्जय कुमार कार्की निर्वाचित भएका छन् । शुक्रवार मतदान सकेसँगै सुरु भएको मतगणनाको परिणाम अनुसार कार्की विजयी भएका हुन् । नेपाल प्रेस युनियनका उम्मेदवार कार्की आफ्ना निकटतम प्रतिद्वन्द्वीहरू उत्तम उपाध्याय पराजित गर्दै अध्यक्ष पदमा निर्वाचित भएका हुन् । यस्तै उपाध्यक्षमा डिल्ली बहादुर कार्की(सुब्बा) निर्वाचित भएका छन् । सचिवमा गौतम श्रेष्ठ निर्वाचित भएका छन् । सह–सचिवमा जीतेन्द्र पाल श्रीवास्तव र कोषाध्यक्षमा सञ्जय कुमार सहनी निर्वाचित भएका छन् ।

यता, नेपाल पत्रकार महासंघ बाराको अध्यक्षमा रमेश सुवेदी निर्वाचित भएका छन् । समाजवादी प्रेस सङ्गठनका उम्मेदवार सुवेदीले प्रेस युनियन र प्रेस चौतारीका साझा उम्मेदवार युनियनका श्याम यादवलाई चार मतले पराजित गर्दै





जीत हासिल गरेका हुन् । निर्वाचन कार्यालयका अनुसार कूल १३९ मत खसेकोमा सुवेदीले ७१ मत प्राप्त गरे भने निकटतम प्रतिद्वन्द्वी यादवले ६७ मत प्राप्त गरे । त्यसैगरी कोषाध्यक्षमा रंजन यादव निर्वाचित भएका छन् ।

# लिट्मस इन्डस्ट्रीजद्वारा कभर्ड कन्डक्टर उत्पादन शुरु

मधेशदृष्टि
वीरगंज ।
नेपालको केबल, तार, तथा कन्डक्टर उत्पादनमा अग्रणी लिट्मस इन्डस्ट्रीजले नेपालमै पहिलो पटक मिडियम भोल्टेज ह्ीएभ् कभर्ड कन्डक्टर उत्पादन शुरु गरेको छ । २०,००० किलोमिटर वार्षिक उत्पादन क्षमता भएको यस प्रविधिले अब आयातमा निर्भरता कम गर्दै, ऊर्जा आत्मनिर्भरता प्रवद्र्धन गर्ने र उच्च कार्यक्षमताका भरपर्दो पावर ट्रान्समिसन संरचनाहरूको मागलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ । उच्च गुणस्तर र टिकाउपनाका सर्वोच्च मापदण्ड पूरा गर्न डिजाइन गरिएका यी कन्डक्टरहरू भ्ल् छण्घढठ र क्ष्क् घढड – ख्क्ष् अन्तर्गत प्रमाणित छन् । एडभान्स्ड जर्मन प्रविधिको प्रयोगमा आधारित निर्माण प्रक्रियामा उत्कृष्ट इन्सुलेशनका लागि ट्रिपल–लेयर एक्स्ट्रुसन, उच्च–गुणस्तरको क्रस–लिङ्किङका लागि डीप–वाटर क्युरिङ, र स्पार्क परीक्षण तथा एन्टि–ट्र्याकिङ परीक्षणजस्ता उत्कृष्ट गुणस्तर परीक्षणहरू समावेश छन् । यसले यी कन्डक्टरहरूलाई नेपालको विविध र चुनौतीपूर्ण भूभागहरूमा पनि प्रभावकारी प्रदर्शन र दीर्घकालीन संरचना सुनिश्चित गर्न पनि सक्षम बनाउने कम्पनीले जनाएको छ ।

११ केभीदेखि ३३ केभी क्षमताका यी कन्डक्टरहरू विशेष गरी जंगल क्षेत्रमा




आगलागीको जोखिम घटाउने उद्देश्यले निर्माण गरिएका छन् । वातावरणीय अनुकूलताको लागि तयार पारिएका यी कन्डक्टरहरू टिकाउ र भरपर्दा छन्, उत्कृष्ट कन्डक्टरहरूले घरेलु पूर्वाधार तथा सीमा–पार बिजुली निर्यातलाई समेत प्रभावकारी बनाउने अपेक्षा गरिएको छ । लिट्मस इन्डस्ट्रीजले घरायसी तार, औद्योगिक केबल र वातावरण मैत्री हलोजन–रहित इकोवायर लगायत विभिन्न उच्च गुणस्तरीय उत्पादनहरू बजारमा उपलब्ध गराउँदै आएको छ ।

# नेपाल आ चीनबीचके सम्बन्धमे बौद्ध धर्म चमकैत धागा बइन रहल अइछः प्रधानमन्त्री



**काठमाण्डू ।**
प्रधानमन्त्री केपी शर्मा ओली नेपाल आ चीनबीचके सम्बन्धमे बौद्ध धर्म एकटा चमकैत धागा बनल बतौलैन अइछ ।

नवम नानहाई बौद्ध सम्मेलनके काठमाण्डू फोरमकेँ आइ सम्बोधन करैत ओ ओइ धागा अपन दूनु देशसभके आध्यात्मिक आ सांस्कृतिक कपड़ाकेँ एकसाथ बुइन रहल तथा सद्भाव आ समझदारीक टिकाउ बन्धनकेँ बढ़ावा द रहल कहलैन ।

'नेपाल चीन केवल सीमासँ बेसी बहुत विषय आदानप्रदान करैत छै । हमरासभ अपन इतिहासक अविष्मरणीय कालखण्ड, पहाड़सभके भव्य आलिङ्गन, नदीसभके जीवनदायी प्रवाह आ अपनासभक संस्कृतिसभके गहिर आ समृद्धिके बन्धनमे बन्हाएल छी,' प्रधानमन्त्री ओली कहलैन, 'नेपाल आ चीनबीच इतिहासेसँ सुच्चा मित्रता रहैत आएल अइछ ।'

ई सम्मेलन मैत्रीके बन्धनकेँ गहिर बनेबाक अइछ, आन्तरिक शिक्षाकेँ प्रसारित करत आ नेपाल, चीन आ ताहिसँ बाहरके बौद्ध समुदायसभबीच शान्ति, करुणा आ सहयोगक शाश्वत मूल्यसभके वकालत करबाक हमर विश्वास अइछ । एसियाक ज्योति कहल जाएबला गौतम बुद्धक पवित्र जन्मभूमि नेपालमे होएब आ हुनक डेगसभसँ धन्य बनल ई भूमि नेपाल आ चीनके बौद्ध सम्पदाबीचक पुलके काज क रहल प्रधानमन्त्री ओलीके कहब छैन ।

प्रधानमन्त्री ओली चिनियाँ भिक्षुसभ फा जियान आ जुआन जाङके नेपालक यात्रासँ नेपाली विद्वान बुद्धभाद्रके चीन भ्रमणधैर, अपनासभके साझिया इतिहास ज्ञान आ शिक्षाक आदानप्रदानसँ रहल अइछ, उल्लेख केलैन ।

चीनमे नेपाली शैलीक बौद्ध मन्दिरसभके वास्तुशिल्प चमत्कारसभ आ लुम्बिनीमे झोङ हुआ चिनियाँ बौद्ध मठके भव्यता ई टिकाउ सम्बन्धके लेल शाश्वत स्मारकसभके रूपमे ठाढ़ रहल सेहो ओ बतौलैन ।

नेपालमे बौद्ध अध्ययनक लेल समर्पित ज्ञानक एक प्रकाशस्तम्भ, लुम्बिनी बौद्ध विश्वविद्यालय आ चीनक नानहाई बौद्ध एकेडेमीबीचके सहयोगात्मक संलग्नता साझेदारी आ साझा आकाङ्क्षाक भावनाकेँ उदाहरण दैत प्रधानमन्त्री ओली बतौलैन ।

# जनप्रतिनिधिका कारण अभिसाप बन्दै संघीयता



शंखर पहाडी(गौरब)

नेपालको संविधान २०७२ ले मुलुकलाई संघीय शासन प्रणालीमा रूपान्तरण गरेपछि तीन तहको सरकार निर्माण भएको छ ।संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई स्थानीय, प्रादेश र संघीय सरकार गरी तीन तहको सरकार बनाई निर्वाचन भएर आएका जनप्रतिनिधिहरूलाई जनताको सेवा गर्ने ठूलो जिम्मेवारी छ । सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै, जनताको आवाजलाई नजिकबाट सुन्न र त्यसको समाधान गर्न संघीयता ल्याइएको भएपनि पछिल्ला दिनहरूमा केही जनप्रतिनिधिहरुका गतिविधि र व्यवहारले संघीयताको मर्ममाथि नै प्रश्न उठाउन थालेको छ । जनताबाट निर्वाचित भएका जनप्रतिनिधिहरूले आफूलाई सेवक भन्दा पनि शासकका रूपमा प्रस्तुत गर्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ । सुविधाका विषयमा अनावश्यक दाबी गर्ने, जनताको करबाट तिरेको रकम व्यक्तिगत विलासिताका लागि खर्च गर्ने र कतिपय अवस्थामा जनताको गुनासो र मागलाई बेवास्ता गर्ने प्रवृत्तिले जनताको मनोबल गिराएको छ । उदाहरणका लागि, कतिपय स्थानीय सरकार प्रमुखहरूले आफ्नो सवारी साधन, कार्यालयको विलासिता र अन्य खर्चमा अत्यधिक ध्यान दिएका छन्, तर जनताको आधारभूत आवश्यकता पूर्तिमा तदारुकता देखाएका छैनन्।

आर्थिक, सामाजिक र भौतिक विकासलाई गाउँ–गाउँमा पुऱ्याउनु संघीयताको मूल मर्म हो । तर जब जनप्रतिनिधिहरू जनतालाई विस्थापित गर्दै आफ्ना व्यक्तिगत स्वार्थका लागि सत्ता र स्रोतको दुरुपयोग गर्न थाल्छन्, त्यसले संघीयतामाथि नै वितृष्णा उत्पन्न गर्दछ । यो स्थिति सुधार्नका लागि जनप्रतिनिधिहरूले आफ्नो जिम्मेवारीलाई गम्भीरतापूर्वक बुझ्न आवश्यक छ । जनताप्रतिको उत्तरदायित्व, पारदर्शिता र जवाफदेहिताको अभ्यास गरेर मात्र संघीयताले आफ्नो उद्देश्य पूरा गर्न सक्छ।

यो समस्याको समाधानका लागि विभिन्न तहका सरकारहरू र सरोकारवाला पक्षहरूले संयन्त्र स्थापना गरी जनप्रतिनिधिहरूको दायित्वबोध गराउनुपर्ने देखिन्छ । साथै, नागरिक समाज र मिडियाहरुले पनि जनप्रतिनिधिहरूको क्रियाकलापमाथि निगरानी राख्दै उनीहरूलाई जनताको सेवकका रूपमा व्यवहार गर्न प्रेरित गर्नुपर्ने भएपनि 'गाउँ गाउँको सिंहदरवार'का सिंहहरु समय समयमा जनतालाई सूसुचित गराउने मिडियाकर्मीहरुका साथै नागरिक समाजमाथि लज्जास्पद रुपमा प्रस्तुत हुने गरेका घटनाहरु समय समयमा बाहिर आई रहेका छन् । राज्यको चौथो अंग मिडिया जगत माथि जनताको मत पाएर जनताको सेवा गर्ने सेवकको रुपमा निर्वाचित भएका जनप्रतिनिधिहरु निमर्म भएर प्रस्तुत हुँदा समेत सरोकारवाला निकाय नेपाल पत्रकार महासंघ समेत बेखबर देखिन थालेका गुनासाहरु पनि समय समयमा नआएका होइनन्।

संघीयता केवल एक राजनीतिक संरचना मात्र नभएर, जनताको जीवनस्तर सुधार्ने अवसर हो । यो अवसरलाई जनप्रतिनिधिहरूले सम्मानका साथ उपयोग गर्नुपर्छ । उनीहरूको दम्भले संघीयता प्रतिको जनआस्था खस्किने खतरा छ, जसले देशको विकास र समृद्धिमा नकारात्मक असर पर्न सक्छ।

साथै,नेपालको संविधान २०७२ को भाग १७ मा स्थानीय तहको संरचना, काम, कर्तव्य र अधिकारबारे विस्तृत व्यवस्था गरिएको प्रावधान गरिएको छ । स्थानीय शासन सञ्चालनः स्थानीय विकास योजना निर्माण, कार्यान्वयन र अनुगमन, सेवा प्रवाहः स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई र पूर्वाधार विकासमा सुधार, स्थानीय प्रशासनः स्थानीय कानून कार्यान्वयन, कर संकलन र शान्ति सुरक्षा कायम, संस्कृति संरक्षणः स्थानीय




भाषा, कला र संस्कृतिको प्रवद्र्धन, पर्यावरण संरक्षणः जलवायु परिवर्तन अनुकूलन र प्राकृतिक स्रोतको दिगो व्यवस्थापन, अधिकारः आर्थिक अधिकारः स्थानीय तहले आन्तरिक स्रोतबाट राजस्व संकलन गर्न, कर निर्धारण गर्न र अनुदान प्राप्त गर्न सक्छ।कानून निर्माणः स्थानीय क्षेत्रका लागि आवश्यक कानूनी व्यवस्थाहरू बनाउने अधिकार, निर्णय गर्ने अधिकारःशिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधारमा प्राथमिकता निर्धारण गर्ने र स्वायत्तताः संविधानद्वारा प्रत्याभूत अधिकारहरूको प्रयोगमा स्वतन्त्रता विधानत व्यवस्था छ।




नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र स्थानीय कर सम्बन्धी प्रावधानहरू कानूनी आधारहरुमा आधारभूत र माध्यमिक शिक्षा सञ्चालन, स्थानीय सडक, सिँचाई र कृषिका कार्यक्रमहरू सञ्चालन, वातावरणीय संरक्षण, पर्यटन र स्थानीय उद्योगको प्रवद्र्धन गर्न स्थानीय तहहरुलाई अधिकारहरु प्रदान गरेको छ । यी प्रावधानले स्थानीय तहलाई सशक्त र स्वायत्त बनाउँदै आएको छ, तर व्यावसायिक क्षमता, स्रोत व्यवस्थापन र वित्तीय अनुशासनमा सुधारको आवश्यकता छ।

यता, नेपालको संविधान २०७२ को भाग १८ मा प्रदेश सरकारका काम, कर्तव्य र अधिकारबारे प्रष्ट व्याख्या गरिएको छ।प्रदेश सरकार संघीय संरचनाभित्र एउटा सशक्त तहको रूपमा स्थापित गरिएको छ । यसको मुख्य भूमिका क्षेत्रीय विकास,प्रशासन र जनसेवा प्रवाहमा योगदान पुऱ्याउनु हो । आवश्यक कानून निर्माण र कार्यान्वयन,प्रदेशस्तरीय कानून निर्माण, सुरक्षा, शिक्षा, स्वास्थ्य र पूर्वाधारसँग सम्बन्धित नीति निर्माण, आर्थिक योजना र विकास, प्रदेशको आर्थिक विकास योजना बनाउने र कार्यान्वयन गर्ने, प्रदेशस्तरीय कर संकलन र बजेट व्यवस्थापन, सेवा प्रवाह, स्वास्थ्य, शिक्षा, यातायात र सार्वजनिक सेवा प्रदान, प्राकृतिक स्रोतहरूको व्यवस्थापन, वन, जल र प्राकृतिक स्रोतहरूको दिगो उपयोग, संस्कृति र भाषा संरक्षण, स्थानीय संस्कृति, भाषा र सम्पदाको प्रवद्र्धन, शान्ति सुरक्षा र प्रदेशभित्र कानून व्यवस्था कायम राख्न प्रहरी प्रशासन सञ्चालन लगायतका गतिविधिहरु प्रदेश सरकारले गर्न पाउछ।

स्वायत्तताः आफ्नो क्षेत्राधिकारभित्र स्वतन्त्र निर्णय लिने अधिकार, आर्थिक अधिकारः राजस्व संकलन, अनुदान पाउने र वित्तीय स्रोत परिचालन, नीति निर्माणः प्रदेशस्तरीय शिक्षा, स्वास्थ्य, कृषि र उद्योग नीतिहरू निर्धारण, सहमति र सहकार्यः संघीय सरकार र स्थानीय तहसँग सहकार्य गर्दै विकास र सेवामा योगदान गर्नु पर्ने कानूनी व्यवस्था छ । संविधानमा प्रदेश सभा संचालन नियमावली र आर्थिक र प्राकृतिक स्रोत व्यवस्थापन कानूनहरुको निर्माण गर्नु पर्ने प्रावधान रहेको छ । प्रदेश सरकारलाई वित्तीय स्रोतको अभाव, संघीय सरकारसँग समन्वयको जटिलता र दक्ष जनशक्तिको कमीजस्ता चुनौतीहरू पनि उत्तिकै छन्।

त्यस्तै, नेपालको संघीय सरकार नेपालको संविधान २०७२ अनुसार तीन तहको सरकार (संघ, प्रदेश, र स्थानीय) को सबैभन्दा माथिल्लो तह हो । यसको प्रमुख भूमिका राष्ट्रिय स्तरका नीतिहरू निर्माण र कार्यान्वयन गर्दै देशको समग्र विकास,शान्ति सुरक्षा र जनहितका काम सुनिश्चित गर्नु हो। संवैधानिक दायित्वहरूः संविधानको कार्यान्वयन र संरक्षण, राष्ट्रिय सुरक्षा, परराष्ट्र नीति र आपतकालीन अवस्थाको व्यवस्थापन, आवश्यक कानून निर्माणः संघीय कानून निर्माण, संशोधन र कार्यान्वयन, राष्ट्रिय स्तरका कानूनी संरचनाहरूको विकास, वित्तीय व्यवस्थापनः राष्ट्रिय बजेट निर्माण र राजस्व संकलन, कर नीति निर्माण र कार्यान्वयन, राष्ट्रिय ढाँचाका कार्यक्रमः ठूला पूर्वाधार परियोजना, रेलमार्ग, हवाई सेवा र जलविद्युत् आयोजना, राष्ट्रिय स्वास्थ्य र शिक्षाका नीतिहरू सञ्चालन, संघीय निकायहरूको सञ्चालनः नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको परिचालन र केन्द्रीय बैंक (नेपाल राष्ट्र बैंक) को सञ्चालन गर्नु संघीय सरकारको काम हो।

एकीकृत शासनः संघीय क्षेत्रका सम्पूर्ण जिम्मेवारीहरू (जस्तै, परराष्ट्र सम्बन्ध, सैन्य मामिला), स्रोत र अधिकारको वितरणः प्राकृतिक स्रोतहरूको व्यवस्थापन र राजस्व बाँडफाँट, संघीय सहायता र अनुदान, अन्तर्राष्ट्रिय सम्बन्धः परराष्ट्र नीति, कूटनीति र अन्तर्राष्ट्रिय सन्धि–सम्झौता, नेपालको संविधानको अनुसूची ५ मा संघीय सरकारको एकल अधिकार, अनुसूची ७ मा संघीय र प्रदेश सरकारको साझा अधिकार र अनुसूची ९ मा संघीय,प्रदेश र स्थानीय सरकारको साझा अधिकारका बारेमा विस्तृत रुपमा चर्चा गरेको पाइन्छ।

प्रधानमन्त्रीको नेतृत्वमा संघीय मन्त्रिपरिषद् (कार्यपालिका), (व्यवस्थापिका) संघीय संसद्(प्रतिनिधिसभा र राष्ट्रिय सभा) र (न्यायपालिका) सर्वोच्च अदालत संघीय सरकारका प्रमुख अंङ्गहरु हुन । संघीय सरकारले प्रदेश र स्थानीय तहसँग समन्वय, स्रोत वितरणमा असमानता र संघीय संरचनाको कार्यान्वयनमा देखिएका समस्याहरू समाधान गर्नुपर्ने आवश्यकता छ । तर नेपालको संविधानको मर्म र भावना विपरित एक सरकार र अर्को सरकार विच मतभेद, मुद्धा मामिला तथा मत भिन्नताका कारण नेपाली जनतालाई संघीयता 'कागलाई बेल पाक्यो हर्षन विस्मात' भनेझैँ भएको छ । संघीयताका जनप्रतिनिधिहरूले आफ्ना दायित्वप्रति इमानदार र जिम्मेवार नबन्ने हो भने संघीयता अभिसाप हुने निश्चित छ।

लेखकः 'गौरब' विगत करिब १७ वर्षदेखि विभिन्न सञ्चार गृहमा कार्यरत पत्रकार हुन्।

# सकारात्मक सञ्चार र नेतृत्व विकासका लागि प्रशंसनीय खोज तालिम

*आगामी माघ १६ देखी १९, २०८१ मा ईस्टर्न रिसर्च ईन्स्टिच्युट अफ पोजिटिभ साईन्स(ईरिप्स) धधध।mथभचष्उक।यचन ले सकारात्मक सञ्चार र नेतृत्व विकासका लागि प्रसंसनीय खोज तालिमको आयोजना गरेको छ । यो तालिम किन आवश्यक छ ? यो तालिममा के के कुराहरु सिक्न सकिन्छ र सिकेका कुराहरुले दैनिक जीवनमा, परिवारमा र संस्थामा के कस्ता सकारात्मक प्रभाव पार्न सक्दछन भन्ने बारेमा जानाकारी मुलक प्रस्तुती गरिएको छ ।*

**सकारात्मक सञ्चार भनेको के हो र यो किन जरुरी हुन्छ ?**

सञ्चार भनेको बिचार, भावना र जानाकारी आदान प्रदान गर्ने माध्यम हो । व्यक्तिगत तथा व्यवसायीक जीवन र नेतृत्वलाई प्रभावकारी र सफल बनाउन सञ्चारको भुमिका महत्वपुर्ण हुन्छ ।सकारात्मक सञ्चार भनेको व्यक्तिहरुबीच हुने संवाद र सञ्चार प्रक्रियामा आशावादी, सामाधानमुखी सोच र सहयोगी दृष्टिकोण निर्माण गर्नुलाई बुझाउदछ । सकारात्मक सञ्चार प्रक्रियामा अत्यन्तै प्रतिकुल अवस्थामा पनि सकारात्मक एवम् जीवनदायी उर्जाहरुको खोज, सिर्जनात्मक विचार, सम्मानजनक व्यवहारलाई प्राथामिकता दिईन्छ ।सकारात्मक र स्पष्ट सञ्चारले पारिवारीक, सामाजिक र पेशागत सम्वन्धलाई सुदृढ बनाउदछ भने एक आपसमा विश्वास र आत्मीयता बढाउदछ । सकारात्मक र स्पष्ट सञ्चारले आत्मविश्वास बढाउनुको साथै नयाँ ज्ञान सिक्न र सिकाउन अभिप्रेरित गर्दछ भने असमझदारीहरुलाई हटाएर समस्याहरुको सामाधानका लागि नयाँ नयाँ अवसरहरु सिर्जना गराउदछ भने व्यक्तिहरुलाई उत्प्रेरित गरि मानसीक रुपमा बलियो बनाउदछ । सकारात्मक सञ्चार प्रकृयामा कमजोरी, आलोचना, दोषारोपणको बदलामा सकारात्मक सुझाव, प्रशंसा एवम्र उत्प्रेरणादायक भाषाको प्रयोग गरिन्छ ।

**सकारात्मक नेतृत्व भनेको कस्तो नेतृत्व हो ?**

व्यक्ति स्वयम् तथा आफ्ना अनुयायीहरु र सदस्यहरुमा सकारात्मक दृष्टिकोण, सृजनशिलता, सहकार्यको भावना र प्रेरणादायक अवस्थाको सिर्जना गरी सकारात्मक रुपान्तरणको लागि मानसीक तथा भौतिक रुपमा उत्प्रेरित गर्ने क्षमता, सिप र कला नै सकारात्मक नेतृत्व हो । यस प्रकारको नेतृत्वले प्रेरणा, सहकार्य, आशावादको माध्यामवाट लक्ष्य प्राप्त गर्न सदस्यहरुको व्यक्तिगत, सामुहिक तथा संस्थागत क्षमताको अधिकतम उपयोग गर्दछ । सकारात्मक नेतृत्वले सदस्यहरु, समुह तथा संस्थाको कमजोरी, नकारात्मक र असफलताको बदलामा सवलपक्षहरु, सफलता र सफलताका कारणहरु, क्षमता, भविष्यको चाहना र संभावनाहरुको खोजबिन तथा लेखाजोखा गरेर सदस्यहरुको वा भनौ नागरीकहरुको मनोबल र आत्मविश्वास बढाउदछ र साझा लक्ष्य प्राप्तीको लागि बिपक्षि लगायत सबैलाई एकजुट बनाउदछ ।

**यो तालिम कसको लागि उपयुक्त हुन्छ ?**

ब्यक्ति, परिवार, संघ संस्थाहरु र समुदाय भित्र शुशुप्त अवस्थामा वा दवाईएर रहेका सकारात्मक संभावनाहरु उजागार गरेर सकारात्मक व्यक्तित्व, सकारात्मक परिवार, सकारात्मक संस्था एवम् सकारात्मक समाज निर्माणमा योगदान दिन चाहने सबैको लागि यो तालिम उपयोगी हुन्छ । विशेषतः औपचारीक वा अनौपचारीक नेतृत्व तहमा रहेर काम गरिरहनु भएका माननीयज्युहरु, राजनीतिक पार्टीका नेताहरु, विभिन्न संघ संस्थामा कार्यरत कर्मचारीहरु, जन प्रतिनिधीहरु, गैर सरकारी संघ संस्थामा कार्यरत कर्मचारी एवम् पदाधीकारीहरु, शिक्षकहरु, सामाजिक अभियान्ताहरु, पत्रकार तथा सञ्चारकर्मीहरु, उच्च शिक्षा हासिल गरिरहेका विधार्थीहरु, अधिकारकर्मीहरु सबैको लागि यो तालिम उपयुक्त हुन्छ ।

ईस्टर्न रिसर्च ईन्स्टिच्युट अफ पोजिटिभ साईन्सले विगतमा सञ्चालन गरेका बिभिन्न तालिममा सहभागी हुनु भएका माननीय संसद, नगरप्रमुखहरु, उपप्रमुखहरु, प्रमुख प्रशासकीय अधिकृतहरु, प्रध्यापकहरु, मेलमिलाप विज्ञहरु, शिक्षा विज्ञहरु, योजनाविद्, अनुसन्धानकर्ताहरु, व्यवसायीहरु, पत्रकारहरु, राजनीतिज्ञहरुको सुझाव पश्चात यो तालिमको संरचना गरिएको हो । नेपालमा वढ्दो निराशालाई आशा, उत्साह र नकारात्मकतालाई सकारात्मकतामा वदल्न देशै भरी सकारात्मक नेतृत्व र सञ्चारकर्मीहरुको आवश्यक भएकोले यस्तो तालिमको आवश्यकता भन्ने तालिमका पुर्व सहभागीहरुको सिफारीश रहेको छ ।

**सामन्य प्रकारको नेतृत्व भन्दा सकारात्मक नेतृत्व किन फरक छ ?**

नेतृत्व भनेको समुह, सदस्यहरु वा अनुयायीहरुलाई लक्ष्य प्राप्तीको लागि मार्गनिर्देशन गर्ने कला हो । सामन्य प्रकारको नेतृत्वले केवल दिर्नेश र अधिकारको आधारमा काम गर्दछन भने सकारात्मक नेतृत्वले अनुयायीहरु वा सदस्यहरुका क्षमता, सवलपक्षहरु, संभावना र चाहनाहरु पहिचान गरेर सो कै आधारमा उत्प्रेरणा, सहकार्य र समन्वयात्मक तरिकाले काम गर्दछन र सकारात्मक परिणामको सुनिश्चित गर्दछन ।



डा. आरसी लामिछाने

१. साझा दृष्टिकोण निर्माणः सामन्य प्रकारका नेतृत्वले आफनो दृष्टिकोणलाई नै समुह वा संस्थाको दृष्टिकोणको रुपमा परिभाषित गर्दछन र पद र शक्तिको दुरुपयोग गरेर संस्थाको श्रोत, साधन तथा कर्मचारीहरु, सदस्यहरु सबैलाई आफनै दृष्टिकोण अनुसार काम गर्न आदेश दिन्छन वा त्यस्तै वातावरण निर्माण गर्दछन भने सकरात्मक नेतृत्वले संस्थाका सबै कर्मचारीहरु वा समुहका सबै सदस्यहरुको संयुक्त सहभागीतामा साझा दृष्टिकोण निर्माण गर्दछन र सो दृष्टिकोण अनुसार काम गर्न सबैलाई उत्प्रेरित गर्दछन र सकारात्मक परिणाम प्राप्तीको लागि अगुवाई गर्दछन ।



२. सञ्चार र संवादको तरिकाः सामन्य प्रकारको नेतृत्वले आदेशात्मक वा निर्देशनात्मक तरिकाले सञ्चार प्रवाह गर्दछन भने सकारात्मक नेतृत्वले हरेक सदस्यको बिचार बुझ्ने र सबैको आत्म सम्मानको रक्षा हुने गरी सकारात्मक तरिकाले उत्प्रेरणा जगाउने गरी सञ्चार गर्दछन ।

३. समस्यासँगको व्यवहारः सामन्य प्रकारको नेतृत्वले साना तिना समस्यामा पनि आफु माथहतका कर्मचारीहरु, सदस्यहरु वा सहयोगीहरुलाई दोष लगाउदछन र जमेर आलोचना गर्र्दाछन जसले गर्दा पुरा संस्था भित्रनै नकारात्मक र दोषारोपणको वातावरण निर्माण हुन्छ । सकारात्मक नेतृत्वले समस्याले सिर्जना गरेको अवस्थाम र त्यो अवस्थामा निर्माण हुन सक्ने अवसरहरु र कसको दक्षता र क्षमताको प्रयोग गर्दा ती अवसरहरुको सदुपयोग गरेर समस्या सामाधान गर्दै नयाँ अवसरहरु सिर्जना गर्न सकिन्छ भन्ने खोज गर्दछ र सोही अनुसार सबैसँग सदभाव पुर्ण व्यवहार गर्दै सहकार्य गरेर एक अर्कालाई प्रशंसा गर्दै सकारात्मक परिणाम निकाल्ने वातावरण निर्माण गर्दछ ।

४. प्रेरणाको शैलीः सामन्य प्रकारका नेतृत्वले पद र शक्तिको आडमा निर्देशनात्मक शैलीमा सदस्यहरु वा कर्मचारीहरुलाई काम गर्न आदेश दिन्छन भने सकारात्मक नेतृत्वले कर्मचारीहरु वा सदस्यहरुको क्षमता र दक्षताको पहिचान गर्दछन र उनिहरुको भावनालाई लक्ष्यसँग जोडेर लक्ष्य प्राप्तीको लागि उत्प्रेरित गर्दछन ।

५. परिणाममा ध्यानः सामन्य प्रकारका नेतृत्वले प्रकृयागत कुराहरु जस्तैः कानुन, मानवअधिकार, कर्मचारी तथा सदस्यहरुको आत्मसम्मान आदीलाई ध्यान नदिई परिणाम मात्र प्राप्त गर्ने कुरामा ध्यान दिन्छ र सफलताको श्रेय आफैले मात्र लिन्छ भने सकारात्मक नेतृत्वले कर्मचारीहरु तथा सदस्यहरुको आत्म सम्मान, ऐन, नियम, कानुन लगायत सबै प्रकृयाहरुलाई समेत ध्यान दिई परिणाम प्राप्ती गर्न उत्प्रेरित गर्दछ सफलताको श्रेय सबैलाई दिन्छ र परिणाम प्राप्तीको यात्रा नै सिकाई र विकासको अवसर हो भन्ने मान्यता राख्दछ ।

६. व्यक्तित्व विकासः सामन्य नेतृत्वले कर्मचारीहरु तथा सदस्यहरुलाई लक्ष्य प्राप्ती गर्ने साधनको रुपमा मात्रै हेर्दछ भने सेवा र सुविधा पनि आफना नजिकका, आफनै पार्टीका, जाताका, ईष्टमित्र, आदी हेरेर निर्णय गर्दछ तर सकारात्मक नेतृत्वले कर्मचारीहरु तथा सदस्यहरुको व्यक्तिगत र व्यवसायिक दक्षता तथा क्षमता अभिवृद्धि गर्दै सबैलाई समन्यायिक तरिकाले अवसरहरु वितरण गर्दछ र सामाजिक विविधतालाई शक्तिको रुपमा प्रवर्धन गर्दछ ।

**नेपलाको सन्दर्भमा सकारात्मक सञ्चार र नेतृत्वको आवश्यकता किन छ ?**

नेपाल जस्तो वहुजातीय, बहुभाषिक, वहु साँस्कृतिले भरिपुर्ण सामाजिक, प्राकृतिक तथा व्यवसायिक विविधताले भरिपुर्ण भएको देशमा सकारात्मक नेतृत्वले सबै तह र तप्काका सवल पक्षहरु, सफल अभ्यासहरु, सिकाईहरु, संभावना र सपनाहरुको खोजविन गरेर सबैलाई मान्य हुने साझा दृष्टिकोण निर्माण गर्न अभिप्रेरित गर्दछ ।हाल नेपालमा चारैतिर नकारात्मक सोच, दोषारोपण, निराशा, नैराश्यता र अविश्वास व्याप्त छ । एकले अर्काको कमजोरी खोतल्ने र आलोचना तथा दोषारोपण गर्ने राष्टिय संस्कृति नै भएको छ । यस्तो अवस्थामा नकारात्मकतालाई सकारात्मकतामा बदलेर सकारात्मक सँस्कृतिको निर्माण गर्न घर परिवार देखी सबै प्रकारकका संघ संस्थाहरु र सबै तहको नेतृत्वलाई सकारात्मक नेतृत्वको रुपमा विकास गरेर समग्र देशको सकारात्मक रुपान्तरण गर्ने आधार निर्माण गर्न सकिन्छ । सकारात्मक नेतृत्वले नेपालको सबै स्थानमा सामाजिक एकता निर्माण गर्न, सहकार्य र विश्वासको वातावरण निर्माण गर्न, युवाहरुलाई उत्प्रेरणा गर्न, आर्थिक बिकासलाई गति दिन र दिगो बिकासलाई सुनिश्चित गर्न चमत्कारीक भुमिका खेल्दछ । नेपालमा निम्न कारणले गर्दा सकारात्मक सञ्चार र नेतृत्व अति आवश्यक छ ।

१. सहकार्य र सहअस्तित्वको बिकासः नेपालजस्तो विविधतायुक्तले भरिपुर्ण देशमा सहकार्य र सहअस्तित्वको प्रवर्धन अति आवश्यक छ । सकारात्मक सञ्चार र नेतृत्वले विभिन्न जाता, धर्म र क्षेत्रका मानिसहरुका सकारात्मक कुराहरु उजागर गरेर सबैलाई एक ठाउँमा ल्याएर साझा दृष्टिकोण निर्माण गर्न, सामुहिक लक्ष्य निर्माण र प्राप्त गर्न अभिप्रेरित गर्दछ ।

२. समस्या सामाधान गर्न र नयाँ अवसरहरु सिर्जना गर्नः नकारात्मक र आलोचनात्मक सञ्चार शैलीले बिबाद र बिभाजन ल्याउँदछ भने सकारात्मक सञ्चार र नेतृत्वले सामाधानमुखी सोच ल्याएर समस्या सामाधानको लागि प्रभावकारी उपायहरु खोज्न अभिप्रेरित गर्दछ । यस प्रकृयाले शान्ति निर्माण, सहकार्य र सद्भाव अभिवृद्धिमा विशेष योगदान दिन्छ ।

३. आर्थिक विकासको लागि उत्प्रेरणाः सकारात्मक सञ्चार र नेतृत्वले उद्यमशिलता, नवप्रवर्तन, र सहकार्यको वातावरण सिर्जना गरेर आर्थिक विकासलाई गति दिन्छ । यसले संस्थाका कर्मचारीहरु र समुहका सदस्यहरुबीच सदभाव र सहकार्य अभिवृद्धि गरी सिर्जनशिलता, उत्पादनशिलता र प्रतिप्रर्धात्मकता अभिवृद्धि गर्दछ ।

४. राजनीतिक स्थायित्व र विश्वास निर्माणः नेपालको राजनीतिमा व्याप्त नकारात्मकता प्रभाव घर घर र व्यक्ति व्यक्तिमा परेको छ भने सकारात्मक सञ्चारको अभावले नागरीकहरु र नेताहरुबीच दूरी बढाएको यथार्थता हाम्रो सामु छ । सकारात्मक सञ्चार र नेतृत्वले सकारात्मक कुराहरु, विगतका सफलताहरु र भविष्यका अवसरहरु खोजेर सकारात्मक सवालहरु प्रस्तुत गर्दछ र सकारात्मक तथा विश्वासको वातावरण निर्माण गरी नेतृत्वलाई जवाफदेही र जिम्मेवार बनाउदछ भने नागरीकहरुलाई शसक्त गर्दछ ।

५. सामाजिक एकता, मेलमिलाप र युवा शसक्तिकरणः सकारात्मक सञ्चार र नेतृत्वले सबै प्रकारका गलतफहमीहरुलाई हटाई आपसी विश्वास र एकता निर्माण गर्न मद्धत गर्दछ । यसले सामाजिक सम्वन्ध सुधार गर्न, मेलमिलाप ल्याउन र बिबाद कम गर्न प्रभावकारी भुमिका खेल्नका साथै युवाहरुलाई उत्प्रेरित गरी सही मार्गनिर्देशन प्रदान गरेर आत्मविश्वास वढाउन र सिर्जनशिल हुन उत्प्रेरित गर्दछ ।

निष्कर्षः सामन्य प्रकारको नेतृत्व कहि कतै छोटो समयको लागि प्रभावकारी भए पनि सकारात्मक नेतृत्वले दिर्घकालिन सकारात्मक रुपान्तरण र प्रगतीको मार्ग प्रशस्त गर्दछ । नेपाल जस्तो विविधतायुक्त देशका लागि वृहत्तर नागरीक एकता सहित सामाजिक सद्भाव र सहकार्य सहितको तिव्र आर्थिक, सामाजिक, आर्थिक, आध्यात्मीक एवम् सुचना तथा प्रबिधीको बिकासको लागि सकारात्मक सञ्चार र नेतृत्व अपरिहार्य छ । नेपाल जस्तो विविधता एवम् संभावनाले भरिएको देशमा सकारात्मक संवाद, शान्ति, समृद्धि र सहकार्य नै सकारात्मक रुपान्तरणको आधार स्तम्भ हो र यसलाई जीवन शैली बनाउन जरुरी छ ।

# मर्यादित महिनावारीमैत्री देश चिनाउने अवसर



ऋषिकेश यादव






महिनावारी एक प्राकृतिक प्रक्रिया हो, जसले सृष्टि र जीवनलाई चलाउन महत्वपूर्ण भूमिका निभाउँछ । महिनावारी विभेदका कारण र प्रभावका विषयमा दर्जनौं प्रश्नहरु छन् । अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस मनाइरहँदा यो पवित्र प्रक्रिया, जसले सृष्टि चलाउँछ, उसैलाई किन अपवित्र बनाइयो ? शुद्धता र अशुद्धताको ट्याग कसले लगायो ? कल्पना गरौँ, महिनावारी नै भएन भने के होला ? सृष्टि कसरी चल्ला ? सृष्टि चलाउने यो प्राकृतिक प्रक्रियालाई सम्मान गर्नुको सट्टा समाजले किन अपमान गरिरहेको छ ? महिनावारी हुने व्यक्तिलाई दोस्रो दर्जाको नागरिक किन बनाइएको होला ? के महिनावारी नभएको भए संसारमा जीवनको अस्तित्वमा रहन्थ्यो त ? महिनावारी र प्रजनन् प्रक्रियासँगै, जीवनको उत्पत्ति र भविष्यलाई निर्धारण गर्ने यस प्राकृतिक चक्रलाई ध्यानमा राख्ने हो भने महिनावारी हुनेहरुमाथिको विभेदले सृष्टिको अस्तित्वसँग मेल खाँदैन ।

महिनावारी विभेद्को अन्त्य र मर्यादित महिनावारीमा पुरुषको पनि उत्तिकै भूमिका रहेको हुन्छ । हाम्रो समाजमा महिनावारी हुने व्यक्तिलाई गर्ने विभेद, अपमानले महिला शरीरको स्वामित्व र स्वतन्त्रतालाई सम्मान गर्दैन । महिनावारीलाई अपवित्र ठान्नु भनेको महिलाको शरीर र जीवनलाई सामाजिक रूपमा त्याग्नु हो । हामीले महिनावारीलाई अपवित्र र अशुद्ध ठान्दा हामीले प्राकृतिक प्रक्रियासँग अन्याय गरिरहेको हुनेछ । आफ्नै अस्तित्व र प्रजननको आधारलाई नष्ट पार्ने काम पुरुषबाट पनि हुनु हुँदैन । महिनावारीको कारण शिक्षा, स्वास्थ्य र रोजगारका अवसरहरूमा असर गरिरहेको छ भने समावेशी र समतामूलक समाज निर्माणको यात्रामा अगाडि बढ्न सकिंदैन ।

**समाज र मौनता**

महिनावारी विभेद हाम्रो समाजको सामान्य लाग्ने गम्भीर समस्या हो । यसले महिनावारी हुने व्यक्तिको सम्मान, स्वतन्त्रता र मौलिक अधिकारलाई असर गर्छ । जात, धर्म, भाषा, धनी–गरिब, पढेको–नपढेको, शहर–गाउँ, सबै परिस्थितिमा महिनावारी हुँदा महिनावारी हुने व्यक्तिहरुले केही न केही देखिने र नदेखिने खालका बार्ने चलनहरू छन् । विशेषगरी खान हुने कि नहुने, छुन हुने कि नहुने अथवा सहभागी हुने कि नहुने, हिँडडुल गर्न हुने कि नहुने भन्ने कुराहरूसँग सम्बन्धित छन् । गोठमा बस्ने कि नबस्ने भन्ने कुरालाई मात्रै महिनावारी विभेद मान्न सकिन्न । महिनावारीमा नभएको २५ दिन र महिनावारी भएको पाँच दिने क्रियाकलापमा छुट्टिने (भान्सामा नजाने, पूजा नगर्ने, खाना छुट्टै खाने) व्यवहार सुदूरपश्चिम र कर्णालीमा मात्रै नभएर अन्यत्र पनि रहेको देखिन्छ ।

महिनावारीका नाममा हुने विभेद्ले किशोरी र महिलाको शिक्षामा असर, स्वास्थ्य जोखिम र मनोवैज्ञानिक तनाव निम्त्याउँछ । तर, समाज महिनावारीका विषयमा खुलेर कुरा गर्न किन तयार छैन ? यो मौनताका पछाडि अज्ञानता, लाज, र परम्परागत धारणाको खास के हो ? यो मौनता अज्ञानताको उपज हो कि परम्पराको नाममा लाज छोप्ने प्रयास ? सबै प्रकारका विभेद र हिंसाविरुद्ध मौनता तोड्नुपर्छ भन्ने सचेत समाज किन महिनावारी विभेद्को सवालमा मौन छ ? शिक्षित मानिने मानिसहरूले पनि महिनावारीबारे खुलेर कुरा गर्न नचाहनु र यसलाई सामाजिक विषयको रूपमा नउठाउनुको कारण के होला ? त्यसो भए के उनीहरूले महिनावारीलाई समाजको कलङ्क बनाउने जिम्मा लिएका हुन् ? यस्ता थुप्रै प्रश्नहरुले नेपाली समाजलाई विश्वसामु शिर निहुराउने बनाएको छ ।

**संविधान, कानुन र महिनावारी विभेद**

हाम्रो संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार दिएको छ । तर महिनावारीको कारण कसैलाई भान्सामा जान नदिँदा, घरभित्र बस्न नदिँदा मौलिक हकको उल्लङ्घन भएको छ । यो विषय बलियोसँग संसददेखि सडकको बहसमा आउन सकेको छैन । यस्तो संवेदनशील विषयलाई किन संवाद र सहकार्यको माध्यमबाट समाधान गर्न खोजिदैन ? अहिले समाजमा महिनावारीलाई स्वास्थ्य र सरसफाइसँग जोडेर बहस गरिएको छ । धेरै व्यक्ति, सङ्घ–संस्था, सरकारले पनि त्यसै अनुसार काम गरिरहेका छन् । त्यसैसँग जोडेर नेपालमा अहिले महिनावारी प्याड बाँड्ने कार्यक्रम चलेको छ । तर, यसले मात्रै किन

**महिनावारी विभेद अन्त्य भएको छैन ?**

महिनावारी विभेदले महिलाहरूलाई शारीरिक, मानसिक र सामाजिक रूपमा प्रताडित गरेर लैङ्गिक हिंसाका विभिन्न रूपलाई जन्म दिन्छ । यो मानवअधिकारको गम्भीर उल्लङ्घन हो, जसले समानताका अधिकार, शिक्षा, स्वास्थ्य, र सम्मानजनक जीवनयापन गर्ने अधिकारलाई प्रत्यक्ष असर पुऱ्याउँछ । नेपालको संविधान २०७२ को धारा ३८ मा महिलालाई समानता र भेद्भावरहित जीवन जिउने अधिकार सुनिश्चित गरिएको छ । साथै, लैङ्गिक हिंसाविरुद्ध ऐन २०६७ र मानव अधिकार संरक्षण ऐन २०५३ अनुसार यस्ता कार्यहरू कानुनी अपराधमा पर्छन् । महिनावारी विभेदलाई छाउपडीको नामसँग जोडेर २०७४ सालमा गैरकानुनी घोषित गरिएको थियो । महिला अधिकारसँग जोडिएका यी महिनावारी विभेद्का दर्जनौं अभ्यासहरुले कानुनलाई चुनौती दिँदै समाजलाई अझै पनि पुरातन सोचको जालमा फसाइरहेको छ । भान्सामा जान नपाउने एउटा मात्रै विभेदले संविधानका कति मौलिक हक, धारा र त्यसअन्तर्गत बनेका कानुनको उल्लङ्घन भइरहेको छ ।

संविधानले समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणका लागि वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने लक्ष्य लिएको छ । संविधानमा उल्लेख भएका मौलिक अधिकारका धाराहरुः सम्मानपूर्वक जिउन पाउने अधिकार, स्वतन्त्रताको अधिकार, समानताको अधिकार, खानाको अधिकार, शिक्षाको अधिकार, स्वास्थ्यको अधिकार, बासको अधिकार, छुवाछुत विरुद्धको अधिकार, महिला हकको अधिकारहरू लेखिएका छन् । यी सबै अधिकारहरू महिनावारी भएको बेलामा बार्ने चलनले एकसाथ हनन् भएको अवस्था देखिएको छ । त्यसो भए महिनावारीको विभेद्लाई महिला हिंसा किन नभन्ने ? भन्ने प्रश्नको उत्तर समाजले दिन सकेको छैन ।

महिनावारी विभेद नेपालमा सबै ठाउँमा छन् । यसका अभियानता डा. राधा पौडेलको अध्ययन र अनुसन्धानमा आधारित किताबको अध्ययन गर्दा महिनावारी विभेद रुपमा फरक भए पनि सारमा संसारभरि छ । सुदूरपश्चिम र कर्णालीका कयौ गाउँमा अझै महिनावारी भएका बेला गोठमा पठाइन्छ । त्यहाँ विभेद् बाहिर आँखाले प्रष्ट देखिन्छ, अन्त देखिन्न । तर, गर्न हुने र नहुनेको अध्ययनको सूची हेर्ने हो भने मेरो जिल्ला अछाम भन्दा काठमाडौंमा धेरै महिनावारी विभेद् छ ।

तर, किन छाउपडीको ट्यागमा महिनावारी विभेद सुदूरपश्चिम र कर्णालीका जिल्लामा मात्रै छ जस्तो भाष्य बनाएको छ ? के अभाव, गरिवी अशिक्षाका कारणले ती ठाउँलाई हपेको ? संघ–संस्थाहरुले मर्यादित महिनावारीमैत्री समाज निर्माण गर्नुको सट्टा किन विभेदलाई मात्र प्रचार गरिरहेका छन् ? पहिलो 'अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस' नेपाल सरकारको नेतृत्वमा मनाइएको थियो । अहिले छैठौं मर्यादित महिनावारी दिवस मनाइएको छ । डिग्नीफाइट मेन्सुरेसन ग्लोबल साथ कोलिसनका अनुसार नेपालसहित विश्वका ७३ देशमा अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस मनाइएको छ । नेपालले मर्यादित महिनावारी अभियानमा नेतृत्व गर्दै पहिलो पटक सरकारी तहमा र तेस्रो पटक राष्ट्रिय मानवअधिकार आयोगको स्वामित्वमा यो दिवस मनाएर विश्वमा सकारात्मक सन्देश दिएको थियो । त्यसपछि राज्य र राज्यका निकायले अग्रसरता देखाएका छैनन । महिनावारी विभेद्को अन्त्यका लागि सरकारी नीति, योजना, र क्रियाकलापको प्रभावकारी कार्यान्वयनमा जोड दिनु आवश्यक छ । समाजको पुरातन सोच र विभेदकारी व्यवहारलाई तोड्ने जिम्मेवारी सरकारको मात्रै नभएर आम समुदायको पनि हो । मर्यादित महिनावारीको अभियानलाई निरन्तरता दिने र विभेदको अन्त्य केवल नारा र औपचारिकताबाट मात्र हुँदैन । पहिलो पहलकर्ता भएको नाताले सयुक्त राष्ट्रसङ्घलाई दिवसको मान्यताका लागि आग्रह गर्दै नेपाललाई मर्यादित महिनावारीमैत्री देशका रुपमा चिनाउने सुनौलो अवसर रहेको छ ।

(लेखक नेपाल एफएमका कार्यकारी निर्देशक हुनुहुन्छ) रासस

# युट्युबर बन्न चाहनुहुन्छ ? यसो गर्नुस् !

साढे दुई अर्ब बढी मासिक सक्रिय प्रयोगकर्ता रहेको युट्युब सबैभन्दा रुचाइएको अनलाइन भिडिओ प्लेटफर्म हो । नेपालमा पनि यो प्लेटफर्म लोकप्रिय छ ।
पछिल्लो समयमा त युट्युबमा कन्टेन्ट राखेर मनग्गे कमाउने नेपालीहरू बढेका छन् । यसर्थ अहिले अर्थोपार्जनको राम्रो माध्यम युट्युब बनेको छ । युट्युबमा निच अर्थात् विषयगत क्षेत्र अनुसारका कन्टेन्ट बनाउनु राम्रो मानिन्छ । यदि तपाईं पनि युट्युब च्यानल सञ्चालन गर्ने सोच्दै हुनुहुन्छ भने यो लेख उपयोगी हुनसक्छः



के हो युट्युब निच ?

खासमा निच भनेको क्षेत्र हो । कस्तो प्रकारको भिडिओ बनाउनुहुन्छ ? कुन विषयमा बनाउनुहुन्छ, यो निश्चित गर्नु नै निच हो । युट्युबमा सही निच छनोट गर्नु एक अर्थमा सफल हुनु पनि हो । उदाहरणका रूपमा, कुनै युट्युब च्यानलले कुनै उत्पादनबारे मात्र जानकारी दिइरहेको हुन्छ । कसैले गीत गाएर मात्र राखिरहेका हुन्छन् । यसरी लगातार एउटै क्षेत्रमा काम गर्नु निचको उदाहरण हो । छोटोमा बुझ्दा तपाईं कुन विषयमा भिडिओ बनाउने, त्यो निच हो । यो एउटा विशेष क्षेत्र, विधा हो ।

भिडिओ बनाउन अनेकन् क्षेत्र छन् । तर एउटा विषय÷क्षेत्रमा मात्र केन्द्रित भएर भिडिओ बनाउँदा भीडमा तपाईं अलग देखिनुहुन्छ । कालान्तरमा तपाईं त्यस क्षेत्रको विशेषज्ञ नै बन्न सक्नुहुन्छ ।

युट्युबमा राम्रो सम्भावना बोकेका क्षेत्र

गेमिङ

गेमिङ युट्युबमा सबैभन्दा धेरै हेरिनेमा पर्छ । यसमा गेम खेलेका भिडिओ, ट्युटोरियल, रिभ्यु आदि पर्छन् । सीआर सेभेन होरा, फोरके गेमिङ आदि यो क्षेत्रबाट उदाएका युट्युबर हुन् । अब यसमा के–कस्ता निच छन्, हेरौं;

– स्पीड रनिङः खेल वा खेलको कुनै विशेष भाग सकेसम्म छिटो सक्ने खालका भिडिओ बनाउने

– लाइभ स्ट्रिमिङः आफैं खेल खेलेर लाइभ स्ट्रिमिङ गर्ने, खेलबारे जानकारी दिने, विशेष गरी कठिन भागहरू खेल्ने

– गेम गाइडः अन्य गेमरहरूलाई लक्षित गर्दै खेलको रणनीति, पाल आदिबारे विस्तृत जानकारी दिने

– ईस्पोर्ट्सको प्रतिस्पर्धाः विभिन्न ईस्पोर्ट्सको प्रतिस्पर्धा गर्ने÷गराउने

– लेट्स प्ले भिडिओः यसमा खेलाडीको अनुभव र कमेन्ट्री खालका भिडिओ बनाउने

– गेम रिभ्युः विभिन्न नयाँ र पुराना खेलहरूको समीक्षा गर्ने

– गेमिङ समाचार र अपडेटः गेमिङ सम्बन्धी विभिन्न समाचार, अपडेट र कार्यक्रमहरूबारे जानकारी दिने

– रेट्रो गेमिङः पुराना खेलहरू खेल्ने तथा खेलका इतिहासबारे जानकारी दिने

सङ्गीत

सङ्गीत युट्युबमा अर्को लोकप्रिय क्याटगोरी हो । अहिले अधिकांश कलाकारले नयाँ गीत युट्युबमा नै सार्वजनिक गर्छन् । यसले गर्दा नयाँ सङ्गीत पत्ता लगाउने प्रमुख स्रोत युट्युब नै बनेको छ । प्रायः सङ्गीतको आयु नहुने भएकाले यस्ता कन्टेन्ट सदाबहार हुन्छन् । युट्युबमा सङ्गीत सम्बन्धी के–कस्ता निच छन्, हेरौंः

– आफैं गाएर भिडिओ बनाउनेः यदि तपाईंलाई गाउन मन पर्छ भने आफ्नो गायन प्रतिभाको भिडिओ खिचेर हाल्न सक्नुहुन्छ । भनौं, कभर गीत बनाउन सक्नुहुन्छ ।

– वाद्य यन्त्र बजाउने वा सिकाउनेः यदि तपाईं कुनै पनि वाद्ययन्त्रमा अलिकति पोख्त हुनुहुन्छ भने तिनलाई बजाएको भिडिओ राख्न वा ती बाजा कसरी बजाउने भनेर सिकाउन



सक्नुहुन्छ ।

– गीत, एल्बमको समीक्षा गर्नेः कलाकारहरू र तिनका सङ्गीतबारे तपाईंले आलोचनात्मक विश्लेषण र छलफल गरेको भिडिओ राख्न सक्नुहुन्छ ।

– गीतको प्यारोडी बनाउनेः तपाईंले चर्चित गीतहरूको प्यारोडी (हास्य संस्करण) बनाउन सक्नुहुन्छ ।

– एआईबाट गीत बनाउनेः अहिले एआई टुलले विभिन्न गीत बनाउन सकिन्छ । तपाईंले तिनबाट गीत बनाएर युट्युबमा राख्न सक्नुहुन्छ ।

ट्राभल भ्लगिङ

कतिपयले भ्लगिङ निच धेरै भयो भन्छन् । तर अहिले पनि यो निच उत्तिकै लोकप्रिय छ । घुमन्ते, पूर्वेली ब्लुज, एट वन्डर नेपाल आदि यस निचका उदाहरण हुन् । नेपालमा धेरै घुम्न लायक ठाउँ छन् । तपाईं कसरी घुम्नुहुन्छ, त्यसका आधारमा भिडिओ बनाउन सक्नुहुन्छ । भन्नुको अर्थ घुम्दै गर्दा तपाईंले शिक्षाप्रद भिडिओ बनाउन सक्नुहुन्छ । ट्राभल गाइड, स्थानीयहरूसँग अन्तर्वार्ता आदि बनाउन सक्नुहुन्छ । ट्राभल भ्लगिङका सम्बन्धी निचको चर्चाः

**– बजेट यात्राः सस्तोमा घुम्ने ठाउँहरू कताकता छन्, तिनबारे भिडिओ बनाउने**

– लक्जरी यात्राः यसैगरी भव्य होटल, स्वादिष्ट खाना र लक्जरी यात्राबारे भिडिओ बनाउने

– साहसिक र रमणीय यात्राः कतिपयलाई साहसिक र रमणीय यात्रा मन पर्छ । तपाईंले तीबारे भिडिओ बनाउने

फिटनेस

अहिले निकै माग बढिरहेको निच हो, फिटनेस । स्वास्थ्यप्रति मान्छेहरू जति धेरै चिन्तित हुँदै जान्छन्, यो निच त्यति नै धेरै चर्चित हुँदै जान्छ । यसमा रहेका निचहरूः

– घरमै कसरतः न्यूनतम उपकरणको सहयोगमा घरबाटै गर्न सकिने कसरतबाट जानकारी दिने

– योगाः विभिन्न योगबारे पुरै जानकारी दिने

– जिम र क्रसफिट वर्कआउटः जिममा प्रयोग हुने विभिन्न उपकरण र प्रशिक्षणबारे भिडिओ बनाउने

– तौल र पोषणः तौल घटाउने÷बढाउने वा शरीरलाई कसरी बनाउने भन्नेबारे भिडिओ बनाउने । सँगै स्वस्थ खानाबारे जानकारी दिने ।

शिक्षा

यदि तपाईं अध्ययनमा रुचि राख्नुहुन्छ भने शिक्षा सम्बन्धीका भिडिओ बनाउन सक्नुहुन्छ । अझ कोभिड महामारीका कारण युट्युबमा यो निच निकै तीव्र गतिमा बढिरहेको छ । यसको राम्रो पक्ष भनेको यो अरूलाई शिक्षित बनाउने विधा पनि हो । युट्युबमा गर्न सकिने शिक्षा सम्बन्धी क्षेत्रहरुः

– मुख्यमुख्य विषयको शिक्षणः गणित, विज्ञान, अङ्ग्रेजी, नेपाली, इतिहास जस्ता विषयको शिक्षण गर्ने

– शैक्षिक टिप्स र ट्रिक्सः विद्यार्थीहरूले जहिल्यै यस्तो कुरा खोजिरहेका हुन्छन् । तपाईंले अध्ययन गर्ने प्रवृत्ति, समय व्यवस्थापन, नोट लिने तरिका, प्रेरणा, सुझाव आदिबारे भिडिओ बनाउन सक्नुहुन्छ ।

– भाषाः फ्रेन्च, कोरियन, स्पेनिस, अंग्रेजी, जर्मनजस्ता भाषामा तपाईं अलि जानकार हुनुहुन्छ भने भाषा सिकाउने भिडिओ ट्युटोरियल बनाउन सक्नुहुन्छ ।

– डु इट योरसेल्फ (डीआईवाई)ः युट्युबमा निकै प्रख्यात विधा हो, डीआईवाई । यसमा कुनै पनि सामानन आफैंले बनाइने गरिन्छ । यदि तपाईं यस्तो कुरामा रुचि राख्नुहुन्छ भने विभिन्न चीज आफैंले बनाएको भिडिओ हाल्न सक्नुहुन्छ ।

– व्याख्यात्मक भिडिओः कुनै पनि विषय, वर्तमान घटना आदिबारे तपाईंले राम्रोबारे बुझाउन सक्नुहुन्छ भने यसमा राम्रो अवसर छ । यस निचको उद्देश्य भनेकै दर्शकलाई कुनै पनि कुरा बुझाउनु हो ।

खाना र पकाउने कला

युट्युबमा धेरै दर्शकहरूलाई आकर्षित गर्ने ठूलो यो पनि विधा हो । यो विधामा बनाइएका भिडिओहरू पनि दीर्घकालीन (भखभचनचभल) हुन्छन् । शहर बसेर कलेज पढिरहेका विद्यार्थीदेखि घरजम गरिरहेकाहरूसम्मलाई ती भिडिओ निकै उपयोगी हुन्छ । यसमा बनाउने सक्ने भिडिओहरुः

– पकाउने ट्युटोरियलः कुनै पनि खाना सुरुदेखि अन्त्यसम्म कसरी बनाउने भन्ने बारे जानकारी यसमा दिन सकिन्छ ।

– भान्साको उपकरण समीक्षाः विभिन्न होम अपलान्यस (भान्साको उपकरण)बारे जानकारी तथा तिनको समीक्षा गर्ने

– किनमेल सुझाव र अनुभवः खाना पकाउन आवश्यक सामग्री पर्ने विभिन्न सामग्री किन्दा ध्यान दिनु पर्ने कुराहरू र अनुभवबारे भिडिओ बनाउने

– खानेकुराबारे जानकारी दिनेः स्थानीय परिकार, सामग्री र पकाउने परम्पराहरूको अनुभव तथा कथाबारे जानकारी दिने

कमेडी

– कमेडी पनि युट्युबको सबैभन्दा ठूलो विधामध्ये एक हो । मिमदेखि स्ट्यान्ड–अप कमेडीसम्म यसका निचहरू हुन् । तर यसमा अन्य निच पनि छन् ।– स्ट्यान्ड–अप कमेडीः तपाईंले हँसाउने खालका मोनोलगहरू भन्न सक्नुहुन्छ अथवा प्रत्यक्ष दर्शकहरूको अगाडि उभिएर स्ट्यान्डअप कमेडी गर्ने र तिनको भिडिओ पनि बनाउन सक्नुहुन्छ ।

– व्यङ्ग्यात्मक समाचार र टिप्पणीः विभिन्न राजनीतिक र सामाजिक प्रवृत्तिहरूको व्यङ्ग्यात्मक प्रस्तुति गर्न सक्नुहुन्छ ।

– हास्य शो र पडकास्टः विभिन्न रमाइला छलफल, व्यङ्ग्य सहितका लामो कार्यक्रम अथवा पडकास्ट चलाउन सकिन्छ ।

– प्राङ्कः अन्य व्यक्तिहरूलाई थाहा नै नदिई विभिन्न हर्कत गर्ने, जोक सुनाउने विधा प्राङ्क हो । यसको पनि राम्रै सम्भावना रहेको छ ।

कुन निच रोज्ने ?

हामीले अहिलेसम्म युट्युबमा सम्भावना रहेका विभिन्न विधागत क्षेत्रहरूको बारे चर्चा गर्‍यौं । सम्झनुपर्ने कुरा के छ भने युट्युब एउटा विशाल प्लेटफर्म हो । यसमा रहेका धेरै प्रयोगकर्ताका कारण विधा पनि फरक फरक हुन्छ । ती पनि समयसापेक्ष परिवर्तन र विस्तार हुँदै जान्छन् । तर मुख्यः कुरो आफ्नो रुचि केमा छ, अनि त्यो सुहाउँदो कुन विधा छ भन्ने थाहा पाएर युट्युब च्यानल सुरु गर्नु राम्रो हुन्छ ।

# महानगरले दैनिक ज्यालादारी कर्मचारी हटाउँदै

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका कार्यालयले पुनः दैनिक ज्यालादारीमा खटाइएका कर्मचारी हटाउन थालेको छ ।

महानगरपालिकाले सबै वडामा पत्राचार गर्दै आफूखुसी ज्यालादारीमा खटाइएका कर्मचारीलाई अबदेखि काममा नखटाउन र डोर हाजिरी प्रमाणित नगर्न निर्देशन दिएको हो । महानगरको प्रशासन शाखाका अनुसार यस पटक दुई सय ४५ जना दैनिक ज्यालादारीका कर्मचारी हटाइदैछ । महानगरका प्रमुख कार्यकारी अधिकृत अरविन्दलाल कर्णले साउन महिनादेखि नै सबै ज्यालादारी कर्मचारीलाई हटाउन निर्देशन दिइसकेको जानकारी दिए । महानगरका अनुसार, आर्थिक अभावका कारण दैनिक ज्यालादारी कर्मचारीलाई मासिक तलब भत्ता उपलब्ध गराउन सक्ने अवस्था छैन । यसअघि, महानगरले झन्डै सात सय जना ज्यालादारी कर्मचारीलाई हटाएको थियो । हाल महानगरले आफ्नै कानुन निर्माण गरी, कुन स्थानमा दैनिक ज्यालादारी कर्मचारी खटाउन सकिने भन्ने विषयलाई स्पष्ट पारेको छ । महानगरले निर्माण गरेको नयाँ कानुनी संरचनाअनुसार अब महानगरले आवश्यकताअनुसारमात्र कर्मचारी खटाउने निर्णय गरेको छ । महानगरको यस कदमले कार्यक्षमता सुधार गर्न र आर्थिक व्यवस्थापन सन्तुलन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# भूमिगत सिँचाइ प्रणालीले सहज बन्दै कृषि पेसा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
किसानको खेतमा सिँचाइ सुविधा पु¥याउनका लागि भूमिगत सिँचाइ प्रणाली अत्यन्त महत्त्वपूर्ण एवम् प्रभावकारी हुँदै गएको छ । मधेश प्रदेश सरकारले धनुषा र महोत्तरी जिल्लामा भूमिगत सिँचाइ प्रणालीको माध्यमबाट सिँचाइ सुविधा पु¥याउन थालेपछि कृषि पेसा सहज बन्दै गएको हो । आकाशे पानीको भरमा, नहर तथा नदीनालाबाट सिँचाइको व्यवस्था गर्नुपर्नेमा यो प्रविधि किसानका लागि बरदान सावित भएको बर्दिवास–२ का किसान श्याम महतोले बताए । यो प्रविधिबाट खेतीका लागि सिँचाइका साथै खानपिनका तथा दैनिक जीवनमासमेत प्रयोग भइरहेको उनले उल्लेख गरे ।

कृषि पेसामा अबद्धलाई अहिले भूमिगत सिँचाइबाट खेती गर्न सहज भएको उनले बताए । जलस्रोत तथा भूमिगत सिँचाइ विकास डिभिजन कार्यालय महोत्तरीद्वारा धनुषा र महोत्तरीका ग्रामीण क्षेत्रमा जडान गरिएको डिप ट्युबेल र ‘पावरड्रिल’बाट सिँचाइ सुविधा पु¥याइरहेको जनाइएको छ ।

एउटा डिप ट्युबेलबाट ४० बिघा खेत सिञ्चित हुने गरेको कार्यालयका इञ्जिनीयर अमलेश यादवले जानकारी दिए । उनका अनुसार दुवै जिल्लामा गरी हालसम्म ३५ वटा डिपट्युबेल जडान भएर एक हजार चार सय बिघा कृषियोग्य जमिन सिञ्चित भइरहेको छ । एउटा डिपट्युबेलको संरचना निमार्णदेखि सञ्चालन गर्दाको अवस्थासम्म एक करोड रुपैयाँ भन्दा बढी खर्च हुने गरेको यादवले बताए ।

गत आर्थिक वर्षमा पाँचवटा डिपट्युबेलको निर्माण प्रक्रिया शुरु भएको थियो । एउटा निमार्णमा ३० लाख रुपैयाँसम्म खर्च भएको भन्दै चालु आवमा थप खर्च गरेर निर्माण सम्पन्न गरिने कार्यालयले जनाएको छ । अहिले पाँचवटाको निर्माणमा एक करोड ५० लाख रुपैयाँ खर्च भइसकेको छ । हालसम्म ५० वटा पावरड्रिल निमार्ण भई सञ्चालनमा रहेका कार्यालयका इञ्जिनीयर यादवले जानकारी दिए ।

एउटा पावरड्रिलबाट नौ बिघा जमिनमा सिँच्चाइ हुने गरेको छ । एउटा पावरड्रिल निर्माणदेखि सञ्चालनसम्ममा १६ लाख रुपैयाँ लाग्ने गरेको उनको भनाइ छ । कार्यालयबाट प्राप्त विवरण अनुसार गत आर्थिक वर्षदेखि हालसम्म ८१ पावरड्रिल निर्माण प्रक्रियामा छन् ।

दुवै जिल्लामा डिपट्युबेल तथा पावरड्रिलबाट एक हजार आठ सय ५० बिघामा सिँचाइ भइरहेको कार्यालय प्रमुख नयन पोखरेलले जानकारी दिए ।

डिपट्युबेल निमार्ण उपभोक्ता समितिबाट भइरहेको छ । मधेश प्रदेश सरकारअन्तर्गत रहेको सो कार्यालयका लागि चालु आर्थिक वर्षमा बजेट विनियोजन कम भएकाले काममा समस्या हुँदै आएको कर्मचारीले बताएका छन् ।

भूमिगत सिँचाइका लागि २०४१ सालमा स्थापना भएको कार्यालयबाट निर्माण भएको एक दर्जन डिपट्युबेलको ट्रान्सफर्मर चोरी भएको इञ्जिनीयर यादवले बताए । सम्बन्धित प्रहरी कार्यालयमा पटक–पटक लिखित तथा मौखिक रूपमा जानकारी गराइए हालसम्म कसैलाई कुनै कारबाही नभएको उनले गुनासो गरे । ट्रान्सफर्मरमा तामाको क्वायल रहने हुँदा चोरी हुनसक्ने उनले उल्लेख गरे । रासस

# उर्जा क्षेत्रको विकासलाई दर्शाउने विशेष फोटो प्रदर्शनी शुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको राजधानी जनकपुरधाममा एसियाली विकास बैंक (एडिबी) र नेपाल सरकारको साझेदारीमा उर्जा क्षेत्रको विकासलाई दर्शाउने विशेष फोटो प्रदर्शनी शुरु भएको छ । महेन्द्र नारायण निधि मिथिला सांस्कृतिक केन्द्रमा आयोजित प्रदर्शनीको उद्घाटन मधेश प्रदेशका अर्थमन्त्री सुनिल कुमार यादवले गरेका छन् । प्रदर्शनीमा उर्जा क्षेत्रको ऐतिहासिक तथा यथार्थपरक विकासलाई चित्रण गर्ने ५० आकर्षक तस्वीर समावेश गरिएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै अर्थमन्त्री यादवले मधेश प्रदेशको आर्थिक र सामाजिक विकासमा एसियाली विकास बैंकको योगदान महत्त्वपूर्ण रहेको उल्लेख गरे । जनकपुर उपमहानगरपालिकाका उपप्रमुख किसोरी साहले प्रदर्शनीले जनकपुरलगायत मधेस प्रदेशमा विद्युतिकरण र सामाजिक परिवर्तनका उपलब्धिलाई दर्साएको बताउँदै नगरवासीलाई प्रदर्शनी हेर्न आग्रह गरे । नेपाल विद्युत प्राधिकरणका उप–प्रवन्ध निर्देशक तारा प्रसाद प्रधानले देशभरको विद्युतिकरणमा एसियाली विकास बैंकको सहकार्यले उल्लेखनीय प्रगति हासिल भएको बताए ।

# व्यावसायी बन्दै आमाहरू



**मधेशदृष्टि**
**बरहथवा ।**
सर्लाहीको हरिवन नगरपालिका–५, घुर्कालीका स्थानीय महिलाहरूले लघुउद्यम गरेर आम्दानी गर्न थालेका छन् । स्थानीय नौ महिलाको समूहले गाउँघरमै लघुउद्यम गरेर फुर्सदको समयमा थोरै भए पनि आम्दानी गर्न शुरु गरेका हुन् । हरिवन नगरपालिका–५ वडा कार्यालयले महिला सशक्तिकरणको लागि छुट्याइएको बजेटबाट लिएको तालिमले अहिले उद्यमी व्यवसायी बनाएको आमा शक्ति महिला लघुउद्यमी समूहकी अध्यक्ष शिलाकुमारी महतोले बताए ।

‘हामी आमाहरू मिलेर समूह बनाएका छौँ’ उनले भने, ‘आमाहरूको लागि अत्यआवश्यक सरफ (डिटरजेन्ट पाउडर) बनाउन सुरु गरेका छौँ ।’ महिलालाई स्वरोजगार बनाउने उद्देश्यसहित दुई वर्षअघि वडा कार्यालयले सञ्चालन गरेको तालिममा सहभागी स्थानीय महिलाजनले जनही पाँच हजार रुपैयाँका दरले रकम जम्मा गरेर समूह दर्ता गरेका हुन् । सुरुमा हातले बनाएर प्याक गर्ने र आफैँले प्रयोग गर्ने गरेको समूहकी कोषाध्यक्ष सजनी स्याङ्तानले बताइन् । यसरी व्यावसायिक हुन नसक्ने देखेपछि फेरि सदस्यहरूले २५÷२५ हजार रुपैयाँ थपेर र नपुग रकम ऋण लिएर मेसिन किनेको उनको भनाइ छ । मेसिनको सहायताले धेरै छिटो र सजिलै धेरै सरफ उत्पादन गर्न सकेको उनले बताए । समूहले उत्पादन गरेको सरफ प्याक गरेर आफैँले बजारसम्म पु¥याउने गरेको छ । बजारमा माग कम रहेकाले अहिले १५ दिनमा दुई पटक उत्पादन गर्ने र अन्य दिनमा बजारमा प्रचारप्रसार गर्ने गरेको अध्यक्ष महतोले बताइन् । ‘उत्पादन गर्ने दिन सबै सदस्य बिहान घरधन्दा सकेर कारखानामा उपस्थित हुन्छौँ’ उनले भनिन्, ‘काम बाँडफाँट गरेर कसैले तयारी पाउडर प्याकेटमा हाल्ने, कसैले जोख्ने, कसैले प्याक गर्ने र कसैले बोरामा प्याक गरेर राख्ने गर्छौँ ।’ सीप सिकेर उद्यमी व्यवसायी बनेपछि तरकारी, सामान्य खर्चको लागि श्रीमान्को मुख ताक्नुपर्ने बाध्यता हटेको उनीहरूको भनाइ छ । स्थानीय तहले दिने तालिम लिएर सदुपयोग गर्न सके स्वरोजगार बन्नसमेत सहयोग पुग्ने उनीहरुको अनुभव छ । यस समूहले उत्पादन गरेको सरफ उक्त वडाले सुत्केरी पोषण प्याकेज कार्यक्रममा वितरण गर्ने गरिएको छ । नगरका ११ वटै वडाका सुत्केरीलाई वितरण गरिने पोषण प्याकेजमा स्थानीय उत्पादन समावेश गरिदिए आफूहरुले बजार खोज्न धाउनुपर्ने समस्यासमेत समाधान हुने कोषाध्यक्ष स्याङ्तानले बताइन् । समूहकी अध्यक्ष महतोले बजारमा अत्यधिक प्रतिस्पर्धा रहेको र स्थानीय उत्पादन भनेपछि नाक खुम्च्याउने प्रचलनले समस्या भएको बताइन् । ‘हामी लघुउद्यमीसँग ठूलो लगानी छैन्’, उनले भनिन्, ‘थोरै कच्चापदार्थ लिँदा महङ्गो पर्छ । उपकरणको प्रयोग गर्न नसकेका कारण लागत पनि केही बढी हुन्छ । स्थानीयस्तरमा उत्पादन गरेको भनेपछि उपभोक्ता किन्न हिच्किचाउने गर्दा बजारमा केही समस्या भए पनि निराश नभइ उत्पादन गरिरहेका छौँ ।’ बजारमा पाइने अन्य सरफभन्दा पनि गुणस्तरको सरफ उत्पादन गरेको अध्यक्ष महतोले दाबी गरिन् ।

स्थानीय तथा नगरवासीले पनि स्थानीय उत्पादन खोजीखोजी प्रयोग गरेर साना धरेलु तथा लघु उद्योगलाई प्रोत्साहन गर्नुपर्ने उनको भनाइ छ । समूहले सामान बेचेको नाफासमेत लगानी गरेर अहिले आठ लाख रुपैयाँ बराबरको पुँजी विस्तार गरेको जनाएको छ । अढाइ क्वीन्टल क्षमताको मिक्सचर मेसिन, एक थान तौल मेसिन र एक थान प्याकेट बन्द गर्ने हिटर मेसिनको प्रयोगबाट उहाँहरुले सरफ उत्पादन गरिरहेका छन् । बजारबाट माग आएमा दैनिक २५ क्विन्टलसम्म सरफ उत्पादन र प्याकिङ गर्ने उपकरण र जनशक्ति आफूहरुसँग मौज्दात रहेको अध्यक्ष महतोले बताए । यहाँ उत्पादित सरफ प्रतिकिलो होलसेलमा ८० रुपैयाँ र खुद्रामा सय रुपैयाँसम्ममा बिक्री गर्ने गरिएको छ । अहिले महिनाको चारदेखि पाँच क्विन्टलसम्म सरफ उत्पादन गरेर बजारमा पु¥याउने गरेको समूहले जनाएको छ । रासस

# दुई खर्ब पाँच अर्ब ८३ करोड.........

यस्तो घाटामा तीन दशमलव तीन प्रतिशतले कमी आएको थियो । निर्यात–आयात अनुपात १० दशमलव तीन प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात नौ दशमलव नौ प्रतिशत थियो । समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी ५७ अर्ब २४ करोड रुपैयाँ बराबरको वस्तु आयात भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ५३ अर्ब ८४ करोड रुपैयाँ बराबरको भएको थियो ।

विदेशी मुद्रा २२ खर्ब ५५ अर्ब ३५ करोड

विदेशी मुद्रा सञ्चिति २२ खर्ब ५५ अर्ब ३५ करोड रुपैयाँ बराबर पुगेको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको चार महिनासम्मको विवरणानुसार विदेशी विनिमय सञ्चिति १० दशमलव पाँच प्रतिशतले वृद्धि भएको छ । केन्द्रीय बैंकका अनुसार गत असार मसान्तमा २० खर्ब ४१ अर्ब १० करोड रुपैयाँ बराबर रहेको कुल विदेशी विनिमय सञ्चितिमा १० दशमलव पाँच प्रतिशतले वृद्धि भई कात्तिक मसान्तमा २२ खर्ब ५५ अर्ब ३५ करोड रुपैयाँ पुगेको छ ।

बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक)सँग रहेको विदेशी विनिमय सञ्चिति गत असार मसान्तमा एक खर्ब ९२ अर्ब ५५ करोड रुपैयाँ रहेकामा कात्तिक मसान्तमा २८ दशमलव चार प्रतिशतले वद्धि भई दुई खर्ब ४७ अर्ब २० करोड रुपैयाँ कायम भएको छ । कात्तिक मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ प्रतिशत छ ।

आर्थिक वर्ष २०८१–८२ को चार महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १८ महिनाको वस्तु आयात र १५ दशमलव एक महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने सरकारी सञ्चारमाध्यम राससले आफ्नो समाचारमा उल्लेख गरेको छ ।

पाँच खर्ब २१ अर्ब ६३ करोड विप्रेषण

चालु आर्थिक वर्षको पहिलो चार महिनामा पाँच खर्ब २१ अर्ब ६३ करोड रुपैयाँ बराबरको विप्रेषण मुलुक भित्रिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विवरणानुसार, समीक्षा अवधिमा विप्रेषण आप्रवाहमा नौ दशमलव एक प्रतिशत वृद्धि भएको छ । अघिल्लो वर्षको यही अवधिमा विप्रेषण आप्रवाह २२ दशमलव पाँच प्रतिशतले बढेको छ । अमेरिकी डलरमा विप्रेषण आप्रवाह तीन अर्ब ८७ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह तीन अर्ब ६० करोड थियो ।

समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) पाँच खर्ब ६८ अर्ब २६ करोड रुपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय पाँच खर्ब २१ अर्ब ४३ करोड रुपैयाँ थियो । वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत नयाँ) लिने नेपालीको संख्या एक लाख ४७ हजार चार सय ७८ र पुनः श्रम स्वीकृति लिनेको संख्या ९४ हजार एक सय पाँच पुगेको छ । अघिल्लो वर्ष यही अवधिमा यस्तो संख्या क्रमशः एक लाख ३७ हजार चार सय ७५ र ६८ हजार आठ सय ४१ थियो ।

## एनपिएल

# विराटनगर र कर्णालीको विजयी




मधेशदृष्टि
काठमाडौं।
विराटनगर किंग्सले नेपाल प्रिमियर लिग (एनपिएल) मा दोस्रो जित निकालेको छ । विराटनगरले शुक्रबार चितवन राइनोजविरुद्ध ५१ रनको जित दर्ता गर्यो । जितसँगै विराटनगरले ६ खेलमा चार अंक जोडेको छ । पराजित चितवनको समान खेलबाट ६ अंक छ । त्रिवि क्रिकेट मैदानमा विराटनगरले प्रस्तुत गरेको १८२ रनको लक्ष्य पछ्याएको चितवनले २० ओभर नै ब्याटिङ गरे पनि ६ विकेट गुमाउँदै १२९ रन मात्रै बनाउन सक्यो । चितवनका लागि अमरसिंह रौटेलाले ४२, सन्तोष कार्कीले २८, कप्तान कुशल मल्लले २५ र रवि बोपाराले २० रन बनाए । विराटनगरका लागि कप्तान सन्दीप लामिछानेले दुई तथा बसिर अहमद, क्रिस सोले, सुवास भण्डारी र लोकेश बमले समान एक विकेट लिए । दोस्रो ओभरको दोस्रो बलमा पाँच रन बनाएर खेलिरहेका हसन इशाखिललाई बसिर अहमदले एलबिडब्ल्युको धरापमा पारे । नवौं ओभरको पाँचौं बलमा सन्दीप लामिछानेले सन्तोष कार्कीलाई पेभेलियनको बाटो देखाए । उनीले २५ बलमा तीन चौका र छक्काको मद्दतले २८ रन बनाए । रवि बोपारा १०औं ओभरको तेस्रो बलमा पेभेलियन फर्किए । २४ बलमा दुई चौकाको मद्दतले २० रन बनाएका उनलाई सुवास भण्डारीले बोल्ड गरे । सन्दीपले ११औं ओभरको पहिलो बलमा बसिल हामिदलाई आफ्नो दोस्रो शिकार बनाए । एक रन जोडेका उनी बोल्ड भए । कुशल मल्ल १७औं ओभरको पाँचौं बलमा आउट भए । २५ बलमा दुई चौका र एक छक्काको मद्दतले २५ रन बनाएका उनलाई क्रिस सोलेले प्रतिस जिसीबाट क्याच गराए । अन्तिम ओभरको तेस्रो बलमा अमरसिंह रौटेलालाई लोकेश बमले क्रिस सोलेबाट क्याच गराए । उनले २९ बलमा तीन चौका र दुई छक्काको मद्दतले ४२ रन बनाए । त्यसअघि टस जितेर ब्याटिङ रोजेको विराटनगरले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै १८१ रनको योगफल तयार पारेको थियो । विराटनगरका लागि बसिर अहमदले ४४ बलमा सामन चार चौका र छक्काको मद्दतले अविजित ६८, मार्टिन गप्टिलले ४५ र राजेश पुलामीले अविजित ३३ रन बनाए । चितवनका लागि रिजन ढकालले दुई तथा सोहेल तन्विर, बसिल हामिद र कप्तान कुशल मल्लले समान एक विकेट लिए । पहिलो ओभरको दोस्रो बलमा लोकेश बमलाई रजिन ढकालले रनको खाता पनि खोल्न नदिइ बोल्ड गरे । सोही ओभरको पाँचौं बलमा चार रन बनाएका दीपक बोहरा बोल्ड भए । दोस्रो ओभरको चौथो बलमा सोहेल तन्विरले स्कट एडवार्डसलाई रनको खाता पनि खोल्न नदिइ रवि बोपाराबाट क्याच गराए । सातौं ओभरको दोस्रो बलमा आठ रन बनाएर खेलिरहेका निकोलस किर्टनलाई बसिल हामिदले एलबिडब्ल्युको धरापमा पारे । मार्टिन गप्टिल १४औं ओभरको पाँचौं बलमा पेभेलियन फर्किए । ३५ बलमा चार छक्का र एक चौकाको मद्दतले ४५ रन बनाएका उनलाई कप्तान कुशल मल्लले बोल्ड गरे ।



### लुम्बिनीविरुद्ध कर्णालीको रोमाञ्चक जित

लुम्बिनी लायन्सले नेपाल प्रिमियर लिगमा कर्णाली याक्सले लुम्बिनी लायन्सविरुद्ध पाँच रनको रोमाञ्चक जित दर्ता गरेको छ । जितसँगै ६ खेलमा आठ अंक जोडेको कर्णालीले प्लेअफको सम्भावनालाई जिवितै राखेको छ । पराजित लुम्बिनीले सात खेलमा मात्र दुई अंक जोड्यो । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शुक्रबार कर्णालीले प्रस्तुत गरेको १२९ रनको लक्ष्य पछ्याएको लुम्बिनीले २० ओभर नै ब्याटिङ गरे पनि सात विकेट गुमाउँदै १२३ रन मात्रै बनाउन सक्यो । लुम्बिनीका लागि टम मुर्सले ३६, सन्दीप जोराले २६, आशुतोष घिरैया र साद बिन जफरले समान १६, अर्जुन साउदले १३ र कप्तान रोहितकुमार पौडेलले १० रन बनाए । कर्णालीका लागि जिसन मक्सुदले दुई तथा कप्तान सोमपाल कामी, नन्दन यादव, विपिनप्रसाद शर्मा र विल बसिस्टोले समान एक विकेट लिए । तेस्रो ओभरको चौथो बलमा कप्तान सोमपाल कामीले अर्जुन साउदलाई पेभेलियनको बाटो देखाए । ६ बलमा तीन चौकासहित १३ रन बनाएका उनी गुल्सन झाबाट क्याच भए । पाँचौं ओभरको अन्तिम बलमा रोहितकुमार पौडेललाई जिसन मक्सुदले एलबिडब्ल्युको धरापमा पारे । रोहितले आठ बलको सामना गरेका रोहितले दुई चौकाको मद्दतले १० रन बनाए । सातौं ओभरको अन्तिम बलमा आशुतोष घिरैया १६ रन बनाएर पेभेलियन फर्किए । २१ बलमा दुई चौका प्रहार गरेका उनलाई जिसनले विल बसिस्टोबाट क्याच गराए । सन्दीप जोरा १४औं ओभरको पाँचौं बलमा रन आउट भए । उनले २१ बलमा दुई चौकाको मद्दतले २४ रन बनाए । बेन कटिङलाई १५औं ओभरको पाँचौं बलमा विपिनप्रसाद शर्मले व्यक्तिगत एक रनमा बाबर हायतबाट क्याच गराए । साद बिन जफर १९औं ओभरको पहिलो बलमा रन आउट भए । उनले ११ बलमा एक छक्काको मद्दतले १६ रन बनाए । नन्दन यादवले १८औं ओरभको पाँचौं बलमा टम मुर्सलाई बोल्ड गरे । उनले ३५ बलमा चार चौका र एक छक्काको मद्दतले ३६ रन बनाए । त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको कर्णालीले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १२८ रनको योगफल तयार पारेको थियो । कर्णालीका लागि विल बसिस्टोले ४४, अर्जुन घर्तीले २५, बाबर हायतले २० र चाडविक वाल्टनले १३ रन बनाए । पाँचौं विकेटका लागि बसिस्टो र अर्जुनले ७२ रनको साझेदारी गरे । लुम्बिनीका लागि विकाश आग्रीले तीन, तिलकराज भण्डारीले दुई तथा रामोन सिमोन्ड्स, साद बिन जफर र रोहितकुमार पौडेलले समान एक विकेट लिए । छैटौं ओभरको पहिलो बलमा साद बिन जफरले देव खनाललाई व्यक्तिगत तीन रनमा रामोन सिमन्ड्सबाट क्याच गराए । सातौं ओभरको पाँचौं बलमा २० रन बनाएका बाबर हायत पेभेलियन फर्किए । २२ बलमा समान एक चौका र छक्का प्रहार गरेका उनलाई तिलकराज भण्डारीले जफरबाट क्याच गराए । रोहितकुमार पौडेलले १०औं ओभरको पाँचौं बलमा लुम्बिनीलाई तेस्रो सफलता दिलाए । आठ रन बनाएका गुल्सनकुमार झा विकेटकिपर अर्जुन साउदबाट क्याच भए । चाडविक वाल्टनलाई १०औं ओभरको पहिलो बलमा तिलकले अभिषेश गौतमबाट क्याच गराए । १५ बलको सामना गरेका उनले एक छक्काको मद्दतले १३ रन बनाए । रामोन सिमोन्ड्सले १९औं ओभरको पाँचौं बलमा अर्जुन घर्तीलाई कट एन्ड बोल्ड गरे । २५ बलको सामना गरेका उनले दुई चौका र एक छक्काको मदद्तले २५ रन बनाए । अन्तिम ओभरको तेस्रो बलमा विल बसिस्टो ४४ रन बनाएर पेभेलियन फर्किए । ३० बलमा समान तीन चौका र छक्का प्रहार गरेका उनलाई विकास आग्रीले एलडिब्ल्युको शिकार बनाए । सोही ओभरको पाँचौं बलमा कप्तान सोमपाल कामी सात रन बनाउँदै जफरबाट क्याच भए । पहिलो अन्तिम बलमा विकाशले नन्दन यादवलाई रनको खाता पनि खोल्न नदिइ एलबिडब्ल्युको धरापमा पारे ।

# संसद्को गरिमा उँचो बनाउन सबैको सहयोग आवश्यकः सभामुख घिमिरे



**मधेदशृष्टि**
**काठमाडौं ।**
सभामुख देवराज घिमिरेले लोकतन्त्रलाई सबै पक्षलाई अनुकरणीय र जनताका लागि सर्वप्रिय प्रणाली स्थापित गर्नेतर्फ सबै तह र तप्कालाई आह्वान गरेका छन् । अठारौँ सङ्घीय संसद् सेवा दिवसका अवसमा शुक्रबार आयोजित समारोहमा उनले संविधानले परिकल्पना गरेअनुसार संसदीय ऐन बनाउने काममा तिव्रता दिन सबैको साथ र सहयोग जुटाउन पहलकदमीको आवश्यकता औँल्याए । 'समयापेक्ष ऐन निर्माण गरेर त्यसलाई कार्यान्वयन गर्न सबैको साथ र सहयोग जुटाएर पहलकदमी लिन जरुरी छ', सभामुख घिमिरेले भने । सीमित साधन, स्रोतका बीच पनि संसद् सेवाका कर्मचारीले सम्पादन गरेको कार्यको प्रसंशा गर्दै उहाँले संसद्को महत्व साकार पार्न सरकारले सहयोग गर्नुपर्नेमा जोड दिए ।

'अपुरा कानुनलाई पूरा गर्ने, आइरहेका चुनौतीलाई सामना गर्नका लागि सुधारका विभिन्न योजना बढाइएको छ, संसद् सेवालाई प्रविधिमैत्री तुल्याउने प्रयत्न भइरहेको छ', सभामुखले भने, 'संसद् सेवालाई प्रभावकारी बनाउन गर्नुपर्ने विभिन्न क्षेत्रका कामहरूका सूची तयार गरौँ, यसलाई प्रभावकारी बनाउन खेल्नुपर्ने भूमिकालाई सिङ्गो सचिवालय एकताबद्ध हुनुपर्छ ।' संसद्को गरिमालाई उँचो बनाउन गरिएका प्रयत्न र प्रयास अपुग भएका उल्लेख गर्दै सभामुख घिमिरेले जनताको सर्वोच्च संस्था संसद्को गरिमा जति बढ्न सक्यो, यसको कामकारबाही त्यति प्रभावकारी हुने विश्वास व्यक्त गरे । 'संसद्को कामकारबाही जति प्रभावकारी हुन्छ, सरकारका गतिविधि र जनताले पाउने परिणाममा बढोत्तरी हुन्छ । संसद्लाई प्रभावकारी बनाउने, राज्यलाई निर्देशित गर्ने, कानुन निर्माण र कार्यान्वयनमा अझै धेरै काम गर्नुपर्ने खाँचो छ', उनले भने ।

राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले जनता, सरकार र संसद्को सहकार्यलाई प्रभावकारी तथा संसद्लाई राष्ट्रिय हितका मुद्दामा एकताबद्ध बनाउन र जनतामा संसद्प्रति विश्वास कायम राख्न संसद् सेवाका कर्मचारीको भूमिका महत्वपूर्ण हुने बताए । एकात्मक शासन व्यवस्था रहेको अवस्थामा स्थापना भएको संसद् सेवा शुक्रबार सङ्घीय शासन प्रणालीअनुसार सञ्चालन गर्दा थुप्रै चुनौती र अप्ठ्यारा देखिएका उल्लेख गर्दै उनले समयानुकूल संसद् सेवाको पुनःसंरचना गर्न आवश्यक भइसकेको उनले उल्लेख गरे ।

'यसका लागि विद्यमान कानुनी व्यवस्था, परीक्षा प्रणाली, कर्मचारीलाई दिइने सेवा सुविधा र संरचनामा पनि परिमार्जन गर्नुपर्छ', अध्यक्ष दाहालले भने, 'संसद्लाई अझ सक्षम, प्रभावकारी र बलियो बनाउन संसद् सेवालाई समयानुकूल परिमार्जन गर्न अब ढिलाइ गर्नुहुँदैन ।' संसद्का हरेक गतिविधिमा जनताको सहज पहुँच र सहभागितालाई कसरी बढाउने भन्नेतर्फ विशेष ध्यान दिइनुपर्नेमा जोड दिँदै अध्यक्ष दाहालले संसद्का गतिविधिमा जनताको प्रत्यक्ष पहुँच सुनिश्चित गर्न अनलाइनबाट जनताको राय सङ्कलन र प्रश्नहरूको जवाफ दिने प्रणाली लागू गर्नु उचित हुने बताए ।

विधेयक निर्माणदेखि त्यसको कार्यान्वयनसम्मको प्रक्रियालाई सहज र द्रुत बनाइ गुणस्तरीय कानुन निर्माणमा धेरै मेहनत गर्न जरुरी रहेको बताउँदै अध्यक्ष दाहालले संसद्को प्रभावकारिताका लागि संसद्भित्र अनुसन्धानात्मक प्रणालीलाई बलियो बनाउन संसदीय अध्ययन अनुसन्धान केन्द्र स्थापना गर्नुपर्ने आवश्यकता औँल्याए ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले जनप्रतिनिधिले गर्ने कामलाई संवैधानिक हिसाबले व्यवस्थित गर्ने जिम्मेवारी संसद् सेवाका कर्मचारीको भएको उल्लेख गर्दै निजामती सेवा ऐन संशोधनका क्रममा संसद् सेवाका कर्मचारीको भावनालाई सम्बोधन गरिने बताए ।

संविधान कार्यान्वयनमा आवश्यक ऐन कानुनलाई अद्यावधिक गर्न सरकार केन्द्रित भएको जानकारी दिँदै मन्त्री चौरसियाले कानुन निर्माणमा संसद् र सचिवालयको कर्मचारीको भूमिका थप बढेर गएको उल्लेख गरे । उपसभामुख इन्दिरा रानाले जनप्रतिनिधि र संसद् सचिवालयका कर्मचारीबीच अन्योन्याश्रित सम्बन्ध रहेको चर्चा गर्दै दुई पक्षको एकताबद्ध प्रयासबाट मात्रै उल्लेख्य परिणाम हासिल गर्न सकिने बताए । राष्ट्रियसभाका उपाध्यक्ष बिमला घिमिरेले संसद् सेवालाई प्रभावकारी बनाउन जनप्रतिनिधि र कर्मचारी एकताबद्ध हुनुपर्नेमा जोड दिए । मुख्यसचिव एकनारायण अर्यालले संसद् सेवाका कर्मचारीको मनोबल उच्च राख्न, संसदीय गतिविधिमा बढी जिम्मेवार बनाउन र क्षमता अभिवृद्धिमा सरकार गम्भीर रहेको जनाउँदै निजामती सेवा विधेयकमा संसद्का कर्मचारीको वृत्तिविकासलाई उचित ढङ्गबाट सम्बोधन गरिने विश्वास दिलाए । मुख्यसचिव अर्यालले कानुन निर्माण, सरकारलाई जनताप्रति उत्तरदायी बनाउँदै असल शासन कायम गर्न र सरकारलाई खबरदारी गर्न संसद्को महत्वपूर्ण भूमिका रहेको बताए ।

संसद् सचिवालय कर्मचारी युनियनका अध्यक्ष गोविन्दप्रसाद बेलवासेले कर्मचारी मैत्री र संसद् सेवालाई प्रभावकारी बनाउने योजना ल्याउन आग्रह गर्दै डेढ दशकदेखि संशोधन हुन नसकेका कानुन र छरिएर रहेका ऐनलाई एकीकृत गरी सेवामैत्री कानुन बनाउन सुझाव दिए ।

संसद् सचिवालयका सचिव डा रोजनाथ पाण्डेले संसद् सेवा दिवसका अवसरमा सप्ताहव्यापीरूपमा विविध कार्यक्रम आयोजना गरिएको जानकारी दिए । यसवर्ष संसद् सेवा दिवसको मुख्य नारा 'लगनशीलता र कर्तव्यनिष्ठताः संसद् सेवाको प्रतिष्ठा' तय गरिएको थियो । कार्यक्रममा सभामुख घिमिरे र राष्ट्रियसभा अध्यक्ष दाहालले संयुक्त रूपमा सचिवालयले प्रकाशन गरेको स्मारिका विमोचन गरेका थिए । कार्यक्रममा उपसचिव ओमबहादुर कार्कीलाई सर्वोत्कृष्ट, कम्प्युटर प्रोगामर करणबहादुर भाट उत्कृष्ट तथा सवारी चालक शङ्कर भण्डारी र माली बिन्दा भट्टराईलाई संसद् सेवा पुरस्कार प्रदान गरिएको थियो ।

समारोहमा संसद् सेवामा २५ वर्ष निरन्तर सेवा गरेका उपसचिवद्वय उदयकुमार भण्डारी र दशरथ धमला, प्राविधिक अधिकृत केशवराज भट्टराई, शाखा अधिकृत नारायणबहादुर कार्की, ओभरसियर निलम शाह र हलुका सवारी चालक (पाँचौ) सानुकाजी महर्जनलाई दीर्घसेवा पदक र प्रमाणपत्र प्रदान गरिएको थियो । सो अवसरमा सेवा दिवसका अवसरमा आयोजित विभिन्न प्रतियोगितामा उत्कृष्ट भएकालाई सम्मान गरिएको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन